पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेवसाइडमा पनि
www.abhiyanweekly.com

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : ३३ | अङ्क : ३७ | २०७३ वैशाख गते १७ शुक्रबार (Apr. 29 , 2016) | मूल्य रू. १०/-

## पूर्वराष्ट्रपतिलाई दीक्षितको चिन्ता !



काठमाडौं । अख्तियारले भ्रष्टाचारको आशंकामा पत्रकार, तथा साझा यातायातका अध्यक्ष कनकमणि दीक्षितलाई बोलाउँदा नआएको र अनुसन्धानमा सहयोग नगरेको भनेर पक्राउ गऱ्यो । पक्राउ गरेपछि विशेष अदालतले १० दिन थुनामै राखेर अनुसन्धान गर्ने आदेश पनि दियो । तर, पूर्वराष्ट्रपति किन हो सरखराएर कनकमणि दीक्षितलाई भेट्न पुगे । पूर्वराष्ट्रपतिले कानुनलाई प्रभावित पार्ने गरी भेट्न दौडिहाल्नुपर्ने कारण के रहेछ ? कसैले बुझेको छैन । पत्रकार कनकमणि दीक्षितलाई रिहा गर भनेर (बाँकी अन्तिम पेजमा)

# शशांक हिन्दूराष्ट्का पक्षमा खुले, देउवा के गर्लान् ?

काठमाडौं । नेपाली कांग्रेसका महामन्त्री शशांक कोइरालाले खुलेर भनेका छन्– म हिन्दू हुँ, नेपाल हिन्दूराष्ट्र हुनुपर्छ । अमेरिका पुगेर यसरी खुलेका महामन्त्री शशांक कोइराला वीपीका पुत्र पनि हुन् र भावी कांग्रेसका सभापतिका रूपमा पनि उनलाई हेरिएको छ । क्ष्यसकारण पनि शशांकको बोलीको ओजन र अर्थ लगाउन थालिएको हो ।





अव के गर्छन् सभापति शेरबहादुर देउवा । कोइराला परिवारमा सुशील कोइरालाको निधनपछि सिनियर कोही नभएका कारणले देउवाले सभापतिमा ब्रेक दिएका हुन् । कांग्रेसको राजनीतिमा गिरिजापुत्री सुजाता कोइराला, नोनाका पुत्र शेखर कोइराला र वीपीपुत्र शशांक कोइराला गरी तीन व्यक्ति छन् । यी सबै जुनियर भएका कारणले रामचन्द्र पौडेल र शेरबहादुर देउवावीच चुनाव भयो र देउवा सभापति बने । तर, सभापतिको भन्दा महामन्त्रीका उमेदवार शशांक कोइरालाको चुनावको चर्चा बढी भएको हो र शशांकले सहज जित हासिल गरेकाले नेपाली कांग्रेसभित्र कोइरालावादको वर्चस्व अझै पनि छ भन्न सकिन्छ ।

(बाँकी अन्तिम पेजमा)

## काँक्रोचोरलाई कालोमोसो

काठमाडौं । केपी ओलीले ६ महिनामा ३ करोडको भोजभत्तेर खाए, ख्वाए । त्यो भ्रष्टाचार देखेन विप्लव माओवादीले । एनसेलले ५१ अर्व कर छली गरिरहेछ र त्यो कर छलीमा अर्थमन्त्री र सचिवले आन्तरिक राजस्व विभागका महानिर्देशकलाई बलीको बोको बनाएर भूमिका खेलिरहेका छन्, त्यति ठूलो भ्रष्टाचार देखेन विप्लव माओवादीले । विश्वविद्यालयदेखि स्कूलसम्म, मन्त्री, सचिवदेखि पियनसम्मेले गरेको भ्रष्टाचार नदेख्ने विप्लव माओवादीले भोगटेको चस्मा लगाएछ कि के हो ?

विप्लवले अनियमितता गऱ्यो भनेर काठमाडौंका (बाँकी अन्तिम पेजमा)

## वैवाहिक अंगीकृत नागरिकता लिने महिलाको संख्या बढ्दो

**अभियान संवाददाता**

काठमाडौं । केही मधेसवादी दलहरूले तराईमा बसोबास गर्ने नागरिकहरूलाई नयाँ संविधानले भेदभाव गरेको आरोप लगाउँदै आएका छन् । तर व्यवहारमा त्यस्तो देखिएको छैन । खास गरेर अंगीकृत नागरिकता लिन कठिनाई रहेको आरोपमा कुनै सत्यता नभएको विस्तारै प्रमाणित हुँदै गएको छ । अंगीकृत नागरिकता लिएकी सरिता गिरी मन्त्री समेत भइसकेकी छिन् भने अहिले १२ भारतीय चेली सांसद रहेका छन् । उनीहरू सबै नेपाली नागरिकसँग वैवाहिक बन्धनमा बाँधिएर अंगीकृत नागरिकता लिएका नेपाली बुहारीहरू हुन् ।

नयाँ संविधान जारी भएपछिको सात महिनामा नेपाली नागरिकसँग विवाह



बन्धनमा बाहिएका ३ हजार ६ सय ७२ विदेशी महिलाले वैवाहिक अंगीकृत नागरिकता लिएका छन् । तराईका २०

(बाँकी अन्तिम पेजमा)

## जिद्दीका अगाडि सरकार झुक्दैन

**अभियान संवाददाता**

काठमाडौं । प्रधानमन्त्री केपी ओलीले संविधान मिच्न खोज्ने तत्वहरूको सामाना गरेर अघि बढ्ने भन्दै संविधानको दायराभित्र रहेर सहमति खोज्न सबैलाई आग्रहअ गरेका छन् । उनले केही मधेसवादी दहलरूले सीमाकंनको विषयमा उठाएका मुद्दाहरूका बारेमा छलफल गर्न सरकार तयार रहेको बताउँदै प्रश्न गरे, जनताले नै उत्तर र दक्षिण चाहिन्छ भने भने त्यसको जिम्मा कसले लिन्छ ? सामाजिक अपराध गर्ने, संविधान मिच्ने तत्वको सामना गरिन्छ, सरकार उनीहरूसँग झुक्दैन । उनले उक्त कुरा पूर्वप्रधानमन्त्री मनमोहन अधिकारीको १७ स्मृति दिवसको उपलक्ष्यमा आयोजित कार्यक्रममा बताएका हुन् । कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले भने,



ठीक छ प्रदेशहरूको सीमाकंनको विषयमा छलफल गरौं, तर दक्षिणको प्रदेश बनाउँदा उत्तर र दक्षिण गरौं भन्ने माग आयो भने के गर्ने ?

संविधानले सबैलाई अधिकारको सम्पूर्ण व्यवस्था गरेको दाबी गर्दै कुनै समस्या नरहेको जिकीर समेत ओलीले गरेका थिए । केही मेधसवादी दलहरूप्रति इंगित गर्दै प्रधानमन्त्रीले भने मधेसवादी दलहरू बहकीएर धेरै अघि बढेका हुनाले ठीक ठाउँमा आउन समय लागेको पनि ओलीको टिप्पणी थियो । नेपालभित्र संविधानका बारेमा कुनै समस्या नरहेको बताउँदै नेपालबाहिर भने संविधानका विषयमा समस्या रहेको प्रधानमन्त्री ओलीको भनाई थियो ।

(बाँकी अन्तिम पेजमा)

## कर्मचारी संगठनमा फेरि राजनीति

काठमाडौं । सात ठूला दलहरूले सातथरि कर्मचारी ट्रेड युनियन खोलेर सरकारी र संस्थान कर्मचारीहरूलाई भातृ संगठनका कार्यकर्ता बनाएका कारण भ्रष्टाचार बढेको, निसेनिले काम गर्न नसकेको र सेवाग्राहीलाई स्वच्छ सेवा दिन नसकेको यथार्थबोध गरेर अव एउटै कर्मचारी ट्रेड युनियन बनाउन वैशाख १० गते तोकिएको निर्वाचन एमाओवादीले नरोके सरकार छाड्ने धम्की दिएपछि प्रधानमन्त्रीले हस्तक्षेप गरेका छन् र जेठ १९ गतेका लागि सारिएको छ ।

जनताले तिरेको करबाट तलव खाने कर्मचारीको निर्वाचनका लागि सरकारले ५ करोड समेत निकासा दिइसकेको छ । जनमुखी हुननसकेको सरकार, जनतालाई उपेक्षा गरिरहेको राजनीतिक दलहरूले लाजै नमानी कर्मचारीको निर्वाचनका लागि पैसा दिएपछि कर्मचारीतन्त्रबाट आजित भएका जनता झन आक्रोसित बन्न पुगेका छन् । एमाओवादीले कर्मचारीतन्त्रमा राजनीति

(बाँकी अन्तिम पेजमा)



पढ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मर्‍यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

– अभियानवाणी

अभियान
साप्ताहिक

सम्पादकीय

# यादवको आक्रोश र ओलीको प्रतिक्रिया

*राजतन्त्रलाई पहिलो संविधानसभाले विवादास्पद तवरले फालेपछि पहिलो राष्ट्रपति बनेका डा.रामवरण यादवले अहिले आफूलाई एकमात्र राजनेताका रुपमा चिनाउने विदास्पद अभिब्यक्ति दिन थालेका छन् । उनी आफूलाई संविधानवाद आदर्शबाट प्रेरित ब्यक्तिका रुपमा चिनाउन थालेका छन् । त्यो पनि शितलनिवास छाडेको आठ महिना नपुग्दै । त्यहीक्रममा उनले विवादास्पद अभिब्यक्ति दिँदै विभिन्न राजनीतिक दलका नेताहरुलाई होच्याउने र आफूमात्र संविधानवादबाट चलेको हुँ भन्ने अभिब्यक्ति दिँदै हिँड्न थालेका छन् । पूर्वराष्ट्रपति यादवको यस्तो कदमले विभिन्न राजनीतिक दलका नेताहरु र पूर्वराष्ट्रपतिबीच एक प्रकारको जुहारी समेत चल्न थालेको छ । अहिले मुलुक भूकम्प र भारतीय नाकाबन्दीको मारमा परेको र नाकाबन्दी हटेपनि जनताले त्यसको अनुभूति गर्न नपाइरहेका बेला पूर्वराष्ट्रपति र राजनीतिक दलका नेताहरुले आ–आफ्नो डम्फू बनाउनुलाई किमार्थ पनि उचित मान्न सकिँदैन ।*

*सबै सार्वजनिक पदमा रहेका ब्यक्तिहरुको लागि घोषित, अघोषित, लिखित र अलिखित आचारसंहित हुने गर्छन् । यस अर्थमा राष्ट्रपतिका रुपमा रहिसकेका ब्यक्ति अपवाद हुन सक्दैनन् । त्यो मर्यदा र आचारसंहिताबाट उनी मुक्त हुन सक्दैनन् । सार्वजनिक पदमा पुग्नुअघि  उनीहरुले संविधान अनुसार शपथ लिएका हुन्छन् । आफूले लिएको शपथ सर्वाजनिक पदमा रहुन्जेल मात्र लागु हुँदैन । पदमा रहँदा र नरहँदा पनि आफ्नो जानकारीमा आएका र थाहा भएका कतिपय कुराहरु पदमा नरहेपनि सर्वाजनिक गर्दिन भन्ने शपथ आएका ब्यक्तिहरुले पदबाट बाहिर आउनासाथ आफूहरुले खाएको शपथको उल्लंघन गर्नुले संविधानकै उल्लंघन भएको छ । पूर्वराष्ट्रपतिले आफूलाई संविधानभन्दा माथि सम्झिएर विवादस्पद अभिब्यक्ति दिँदै हिँड्नुले उनको उचाइ बढ्न सक्दैन । डा.यादवले संविधान जारी गर्ने मितिलाई लिएर मधेसवादी दलहरुसँग नजिक हुनु र त्यसअघि वहालरहेका सर्वोच्च अदालतका तत्कालिन प्रधानन्यायाधीशलाई चार दलसँग सहकार्य गर्ने सर्तमा मुलुकको कार्यकारी प्रमुख बनाउन यादवले पर्दा पछाडि बसेर महत्वपूर्ण भूमिका खेलेका थिए । यी दुवै भूमिका गैरसंवैधानिक भए पनि उनी त्यसबेला एक निश्चित विदेशी शक्तिसँग निरन्तर सम्पर्कमा ररिहेकाथिए । तर अहिले त्यो रहस्यलाई खुलाएका छैनन् । आखिरी किन ? उनले किन तत्कालिन दलहरुको आग्रहमा गैरसंवैधानिक कार्य गरे । पूर्वराष्ट्रपति यादवले आफूले गरेको गैरसंवैधानिक कार्यको बचाउ गरेपनि उनी त्यो कार्यबाट मुक्त हुन सक्दैनन् ।*

*हालै एक सर्वाजनिक कार्यक्रममा पूर्वराष्ट्रपति यादवले आफ्नो डम्फु बजाउन थालेपछि प्रधानमन्त्री केपी ओलीले यादवको विरुद्ध कडा प्रतिक्रिया दिएका छन् । ओलीका अनुसार संविधान जारी हुन नदिन यादवले राष्ट्रपति या नेपाली सेनाको परमाधिपतिका रुपमा सैनिक षड्यन्त्र तथा कु गर्न खोजेको आरोप यादवमाथि लगाएका छन् । यो पनि विडम्बना नै मानिनु पर्छ । नेपालका पहिलो राष्ट्रपतिले यति ठूलो सोच बनाएका थिए त ? गणतन्त्र र प्रजातन्त्रका नाममा आफूलाई स्वघोषित योद्धाहरुको यस्तो घिनलाग्दो गतिविधि बारे नेपाली जनताले नेताहरुको सर्वाजनिक जुहारीबाट जनकारी पाइरहेका छन् । यदि साच्चिकै यादवले त्यस्तो षड्यन्त्र गरेका थिए भने सार्वभौमसत्ता सम्पन्न नेपाली जनताले त्यसको जानकारी पाउनै पर्छ । नेपाली जनताको सर्वोच्च प्रतिनिधि संस्था संसद भएकाले संसदबाटै जनतलो त्यसको जानकारी पाउनु पर्छ । यो जनताको नैसर्गिक अधिकार समेत हो । यदि त्यो जानकारी गराइँदैन र एकअर्काप्रति अरोप–प्रत्यारोप मात्र लगाइरहिन्छ भने त्यो कार्यले कार्यकारी सरकार प्रमुख, राष्ट्र प्रमुख वा संस्था कै अवमूल्यन हुनु हो । राष्ट्रपति र प्रधानमन्त्री ब्यक्ति मात्र नभएर संस्था भएको हुनाले संस्थाको गतिविधिहरु जनताले थाहापाउनु पर्छ ।*

*डा.यादव बढीमा तीनवर्षसम्म शीतल निवासमा बस्ने अपेक्षा गरिएपनि झण्डै सात वर्षसम्म त्यहाँ बसे । त्यसबेला उनी कांग्रेसको दलीय तथा गुट–उपुगुटको घेरामा मुछिए । त्यतिमात्र होइन विदेशीहरुसँगको भेटघाट अपारदर्शी र पदीय मर्यदा विपरित रहिरहे । शितलनिवासमा पुगेपछि पनि उनी एक दलीय राजनीतिकमै रमाउन थालेको आरोप स्वयं नेपाली कांग्रेसकै नेताहरुले लगाएका थिए । राष्ट्रपति जस्तो गरिमामय पदमा पुगिसकेका ब्यक्तिले सर्वाजनिक रुपमै विवादास्पद अभिब्यक्ति दिनु राज्यकोषबाट सबै प्रकारको सुविधान लिएर फेरि राजनीतिक गर्ने हो भने उनले राज्यकोषबाट पाएको सबै सुविधाहरु नलिने घोषणा गर्नसक्नुपर्छ । यदि होइन भने उनले सार्वजनिक रुपमा त्यस्ता विवादास्पद अभिब्यक्ति नदिनु नै उचित हुनेछ भन्ने हामीले ठानेका छौं ।*

# सुस्त भएकै हो त ओली सरकार ?

देवेन्द्र चुडाल

२०७२ वैशाख १२ र त्यसपछि भएको भूकम्पले गर्दा पीडित भएका जनता अझै पीडित अवस्थामै रहेका छन् । सरकारले पीडितहरूलाई धेरै आश्वासनहरू बाँडे पनि खासै काम भने हुन सकेको देखिएको छैन । भूकम्पपीडितहरूको चराइरहेको घाउमा मल्हमपट्टी लगाउने काम खासै भएको छैन । एकवर्ष अघि विस्थापित भएर अझसम्म टहरामै ओत लाग्दै आएका जनताले आउँदो वर्षायाममा पनि टहरामै बिताउनु पर्ने बाध्यता सिर्जना भएको छ । पुनर्निर्माण प्राधिकरण गठन भएपनि प्राधिकरणले सोचेजति काम गर्न नसकेको हुनाले विस्तारै जनता सरकारप्रति आक्रोशित हुँदै गएका छन् । राजश्री ठाँट देखाएर राष्ट्रपतिदेखि प्रधानमन्त्रीहुँदै ठूला दलका शीर्ष नेताहरूले पुनर्निर्माणको कार्य शुभारम्भ गरेपनि त्यो केवल देखाउनकै लागि मात्र भएको छ । केही दिन पहिला राष्ट्रपति विद्यादेवी भण्डारी गोरखाको बारपाक पुगेर पुनर्निर्माणको शुभारम्भ गरिन, तर त्यहाँ उपस्थित भएका पीडित जनताका सामु उनले एकशब्दसम्म बोल्ने कष्ट नगरेको हुनाले त्यहाँका जनता आक्रोशित हुँदै प्रमुख जिल्ला अधिकारीमाथि जाइलागे । विचरा प्रमुख जिल्ला अधिकारीले के नै गर्न सक्थे र ? राष्ट्रपति त्यहाँ पुग्दा उनले लगाएको पोशाक र आभूषण देखेर वारपाकका जनता भन्दै थिए, उनी ठूलो उत्सवमा सहभागी हुन आएकी हुन् । यसरी पीडित जनताको मन रूवाएर राष्ट्रपति अर्को ठाउँमा गएपछि त्यहाँ उपस्थित पीडित जनता भन्दैथिए, जुन जोगी आएपनि कानै चिरेको ।

भूकम्पपीडितहरूका लागि विदेशी राष्ट्र र दातृ निकायले साढे चार खर्ब रूपैयाँ सहयोग दिने घोषणा गरिसकेका थिए । र, त्यही अनुरूप रूपैयाँ पनि आयो, तर सरकारले प्रभावकारी काम गर्न नसक्दा पैसा हुँदा हुँदै पनि जनताले सहयोग पाउन सकेनन् । विदेशी राष्ट्र र विभिन्न दातृ नियकाहरूले भूकम्पले छियाछिया परेको नेपाल र नेपाली जनतालाई समयमै सहयोग गरे । त्यसबेला उनीहरूले नेपाल सहयोग सम्मेलन नयाँ दिल्ली, टोकियो र ईयूले युरोपको कुनै मुलुकमा गर्न चाहेका थिए, तर त्यसबेलाका प्रधानमन्त्री सुशील कोइराला नेतृत्वको सरकारका अर्थमन्त्री र परराष्ट्रमन्त्रीको जोडले विदेशीभूमीमा होइन भूकम्पपीडित नेपालमै यो सम्मेलन हुनुपर्छ भने जोड गरेपछि नेपालमै उक्त सम्मेलन भएको थियो । कोइराला नेतृत्वको सरकारले त्यसबेला देखाएको सुझबुझ र चासोलाई विश्व जगतले सहर्ष स्वीकार गरेर नेपाल सहयोगसम्बन्धी सम्मेलन नेपालमै सम्पन्न भयो, सहयोगको आश्वासनको ओइरो लाग्यो । विभिन्न मुलुकहरूले उदार मनले नेपाललाई सहयोग गरे । तर भूकम्प गएको एक वर्षसम्म पनि विदेशी राष्ट्र र विभिन्न दातृ निकायले दिएको रकम खर्च हुन नसकेपछि अहिले केही दातृ निकायहरूले नेपाललाई दिने भनेर घोषणा गरेको  रकम फिर्ता लैजाने उद्घोष गर्न थालेका हुनाले प्रमाणित हुन्छ, नेपाल सरकार रकम खर्च गर्न सक्दैन, रकम खर्च गर्ने क्षमता सरकारसँग छैन । त्यसबेला पूर्वप्रधानमन्त्री डा.बाबुराम भट्टराईले घोषणा गरेका थिए, आफू पुनर्निर्माण प्राधिकरणको प्रमुख कार्यकारी अधिकृत बन्न तयार छु । पीडित जनताको सेवाका लागि आफू जस्तैसुकै जिम्मेवारी लिन तयार रहेको उद्घोष गरेपनि राजनीतिक खिचातानी र दलगत स्वार्थले गर्दा त्यसो हुन सकेन । प्राधिकरणको नेतृत्व पूर्वप्रधानमन्त्रीले गर्ने व्यवस्था गरिएको भए समितिमा अन्य पूर्वप्रधानमन्त्रीहरू, विभिन्न राजनीतिक दलका शीर्ष नेताहरू, राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्षहरूसहित विभिन्न क्षेत्रमा प्रतिष्ठा कमाएका व्यक्तिहरू सहज रूपमा आउन सक्थे । तर दलगत स्वार्थका लागि प्रमुख तीन दलकै नेताहरूले त्यसलाई स्वीकार गर्न सकेनन् । अहिले पुनर्निर्माण प्राधिकरणले सोचेजति काम गर्न नसकेको यो पनि एउटा कारण हो । भूकम्पपीडितहरूले पीडा भोगिरहनु परेको छ भने कतिपय जिल्लाहरूमा त पीडितको संख्या नै एकिन गर्न सकिएको छैन । यसरी सरकारको लाचारीपन र राजनीतिक खिचातानीले गर्दा जनताले भूकम्पको पीडा भोगिरहेका र फेरि थप पिडा भोग्नु परेको छ ।

पीडितले समयमै सहयोग पाउन नसक्नुको पछाडि स्थानीय निकाय जनप्रतिनिधिबिहीन हुनु पनि एउटा कारण हो । स्थायनीय निकायको चुनाव नभएको झण्डै १४ वर्ष हुन लाग्यो, सरकारले स्थानीय निकायको निर्वाचन गराएको भए स्थानीय तहमा रहेका जनताका प्रतिनिधिहरू र विभिन्न राजनीतिक दलका कार्यकर्ताहरू पीडितको सहयोगमा सहज रूपमा जुट्थे । स्थानीय निकायको वडातहदेखि जिल्लातहसम्म धेरै व्यक्तिहरू रहने भएकाले स्थानीय तहमै पर्याप्त सहयोग जुट्न सक्ने अवस्था रहिरहन्छ, तर सरकार र राजनीतिक दलहरूको आपसी खिचातनी र दलगत स्वार्थले गर्दा स्थानीय नियकाको निर्वाचन गराउने पक्षमा कुनै सरकार सक्रिय भएको पाइएन । अहिले पनि स्थानीय निकायको चुनाव गराउने डंक पिट्ने गरिएको भएपनि अहिले नै निर्वाचन गराउने मनसाय सरकारमा देखिएको छैन । जनप्रतिनिधिबिहीन अवस्थामा पुनर्निर्माणको कार्य प्रायः असम्भव जस्तै देखिएको छ । पुनर्निर्माण प्राधिकरणको नेतृत्वमा रहेका व्यक्ति पनि आलोचनाका पात्र रहेका हुनाले सरकारी उच्चतहका कर्मचारीहरू त्यहाँ जान मानिरहेका छैनन् । सरकारी कर्मचारीहरू सरकारले खटाएको ठाउँमा जान नचाहेको खण्डमा त्यस्ता कर्मचारीहरूलाई सरकारले कारबाही गर्न सक्नुपर्छ, तर त्यस्तो हुन सकेको छैन । यसको एउटै कारण हो, कमजोर सरकार । सरकार किन कमजोर भयो ? कर्मचारीहरूले किन सरकारलाई टेरेनन् भनेर अब सरकार र राजनीतिक दलहरूले त्यसको उत्तर खोज्ने बेला भएको छ । संसदबाट अत्याधिक बहुमत प्राप्त गरी प्रधानमन्त्री भएका केपी ओली नेतृत्वको सरकारले आफ्ना कर्मचारीहरूलाई तह लगाउन नसक्नुको एउटै कारण हो, कर्मचारी विभिन्न राजनीतिक दलहरूसँग आवद्ध भएर गठन गरिएका कर्मचारी संगठनहरू । आज तिनै कर्मचारी संगठनहरू सरकारको लागि घाँडो सावित भएका छन् । जनताले तिरेको करबाट तलबभत्ता लगायत अन्य सुविधा खाएर बसेका कर्मचारीहरूले सरकारले खटाएको ठाउँमा जान्न भन्दै आफूले रोजेको ठाउँमा जान पाउनु पर्छ भन्दा सरकार लाचारीपन प्रकट गर्दै भन्छ, कर्मचारीहरू जान मानेनन् । आखिरी किन ? त्यसको उत्तर जनताले किन नपाउने ? कर्मचारीहरू जनताका मालिक होइनन्, सेवक हुन् । मालिक भनेका त जनता नै हुन्, तर आज तिनै जनता पीडित हुँदा उनीहरूको सेवामा कर्मचारीहरू नलाग्नु भनेको मुलुककै लागि अभिशाप बाहेक अन्य केही होइन ।

सुशील कोइराला नेतृत्वको सरकारले ल्याएको  पुनर्निर्माण प्राधिकरण ऐनले धेरै कुरा समेट्न खोजेको भएपनि संस्था भने समन्वयकारी र उच्च पदका सदस्यहरूले मात्र भर्न खोजिएको छ । कोइराला सरकारले दाताहरूलाई खुशी पार्न ल्याएको अध्यादेशको कानुनी हैसियत समाप्त भएको थियो । केपी ओली नेतृत्वको सरकारले त्यसलाई ब्यूँताए पनि अध्यादेशमा भएका कमीकजोरीहरू सच्याउने तर्फ सरकार लागने । प्राधिकरण ऐनले साच्चिकै भन्ने हो भने माखो मार्न सक्दैन । केवल सामन्वयकारी भूमिका बाहेक । विपद पर्दा यस ऐनबाट केही काम गर्न सकिने अवस्था नभएकाले अविलम्ब संसदबाटै ऐनलाई पारित गर्दै बलियो ऐन बनाउनु आवश्यक छ । प्राधिकरणको संरचना नै भद्दा र बोझिलो भएकाले त्यसलाई चुस्त र दुरूस्त बनाएर अधिकार सम्पन्न बनाउँदै त्यसलाई जिम्मेवार बनाइएको खण्डमा मात्र पीडितले प्राधिरकणबाट न्याय र सहयोग पाउन सक्छन् । नत्र भने अहिलेकै अवस्थामा पुनर्निर्माण प्राधिकरण देखाउने दाँत बाहेक अन्य केही हुन सक्दैन ।

एकातिर मुलुकको अवस्था यस्तो विकराल छ  भने अर्कोतिर मधेसवादी राजनीतिक दलहरू फेरि आन्दोलनको आँधिबेहरी ल्याउने धम्की दिँदै त्यसैअनुरूप अघि बढ्दै गएका छन् । भूकम्पको घाउ सेलाउन अझै धेरै वर्ष लाग्न सक्छ । त्यसैले अब कुनै पनि राजनीतिक दलहरूले आन्दोलन होइन, जनताको सेवामा लाग्नु पर्ने बेलामा राजनीतिक दलहरूले दलगत स्वार्थका लागि जनताको नाममा तिनै जनतालाई सास्ती हुने खालको आन्दोलन गर्नु भनेको सार्वभौमसत्ता सम्पन्न जनताको अधिकार र बाँच्न पाउने अधिकार माथि खेलवाड गर्नु हो । गत वर्ष गएको भूकम्पले गर्दा झण्डै ८ खर्ब रूपैयाँ बरारको भौतिक संरचनाको क्षति भएको सरकारी तथ्यांक छ भने सरकारी तथ्यांक अनुसार नै गत वर्ष नै भएको मधेस आन्दोलन र भारतीय नाकाबन्दीले गर्दा झण्डै २२ खर्बको क्षति भएको आँकडा सार्वजनिक भएको छ । भूकम्प दैवीविपत्ति भएपनि मधेस आन्दोलन राजनीतिक रूपमा गरिएको मानव सिर्जित क्षति हो । केही मधेसवादी दलहरूले गरेको मधेस आन्दोलन र जनताका प्रतिनिधिहरूले संविधानसभाबाट जारी गरी लागु गरेको संविधानलाई देखाएर भारतले लागएको अघोषित नाकाबन्दीले गर्दा मुलुकको अर्थतन्त्र डामाडोल मात्र भएन, विकास निर्माणका कार्यहरू समेत ठप्प भए । अहिले सम्पन्न हुनुपर्ने आयोजनाहरू २/३ वर्ष पछि धकेलिएका छन् । यसको जिम्मेवारी कसले लिने ? राजनीतिक दलहरू जनताको सेवाका लागि गठन भएका हुन भने उनीहरूले जनताको सेवा बाहेक अन्य काममा लाग्नु कति उचित हुन्छ ? अहिले पनि केही मधेसवादी दहलरू नयाँ संविधानले मधेसमा बसोबास गर्ने जनतालाई केही अधिकार नदिएको भूठो प्रचार गर्न व्यस्त रहेका भएपनि ठूला दल भनिएका कांग्रेस, एमाले र एमाओवादीसहितका सरकारमा सामेल भएका दलहरूले संविधानका बारेमा जनतालाई बुझाउन सकिरहेका छैनन् । प्रत्येक राजनीतिक दलभित्र आन्तरिक लोकतन्त्रको अभाव रहेको हुनाले सबै दलभित्र किचलो रहेको र आफू सत्तामा पुग्न पाए ठीक र अर्को पुगे बेठिक  भन्ने अभ्यास धेरै पहिलादेखि नै गर्न थालिएको हुनाले त्यसको प्रत्यक्षमार जनतामा परेको छ । जनताले सरकारसँग ठूलो अपेक्षा गरेका छैनन् । सरकार आफैंले घोषणा गरेको सेवा सुविधा मात्र आफूहरूले पाउनुपर्ने माग जनताको रहेको छ । तर, सरकार त्यसमा पनि चुकिरहेको छ किन ?

यी सबै कारणहरूले गर्दा साच्चिकै देशको काँचुली फेर्ने र भूकम्पपीडित जनतालाई न्याय दिने हो भने पुनर्निर्माण प्राधिकरणमा राजनीतिक नेतृत्व स्थापित गरेर नयाँ सोच लिएर अघि बढ्नु आवश्यक छ। राजनीतिक नेतृत्वले मात्र सायमसीमा भित्रमा काम सम्पन्न गर्न सक्छ । राजनीतिक नेतृत्व जनताप्रति उत्तरदायी र जवाफदेही हुन्छ, किनकि उसको राजनीतिक भविष्य जनतासँग प्रत्यक्षरूपमा जोडिएको हुन्छ, कर्मचारीसँग होइन । कर्मचारी कर्मचारी मात्र हो । पुनर्निर्माण प्राधिकरणमा राजनीतिक नेतृत्वले स्थान पाएको खण्डमा उसले नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरीलाई समेत सहजरूपमा परिचालन गरी पुनर्निर्माणमा खटाउन सक्छन् । राजनीतिक नेतृत्व भएको खण्डमा सहजरूपमा निर्णयहरू हुन सक्छ, तर अहिले पुनर्निर्माण प्राधिकरणको नेतृत्वबाट त्यस्तो हुन सक्ने कुनै सम्भावना नै छैन । यदी पुनर्निर्माण प्राधिकरणमा युवा जनशक्तिको अभाव हो भने विदेशमा रहेका झण्डै ४० लाख नेपालीलाई स्वदेश फिर्ता गरेर मासिक ३०/४० हजार रूपैयाँ भत्ता दिएर स्वदेशकै निर्माणमा लगाउन तत्कालै पहल गर्नु आवश्यक छ । युवा जनशक्तिले विदेशी भूमिमा रहेर विदेशी राष्ट्रलाई विकसित बनाइरहेका छन्, तर किन उनीहरूलाई आफ्नो देश निर्माणमा लगाउन सरकारले पहल गर्न सक्दैन ? आदर्शका कुरा गरेर ख्यालठट्टा मात्र गरेर मुलुकको विकास किमार्थ हुन सक्दैन । मुलुकको विकास लागि दृढ इच्छाशक्ति आवश्यक हुन्छ, त्यो इच्छाशक्ति देखाएर केपी ओली सरकार अघि नबढ्ने हो भने ओली नेतृत्वको सरकार पनि नेपाली जनताको लागि बोझ बाहेक अन्य केही हुन सक्दैन ।

*devendrachudal@gmail.com*

# तस्करतन्त्रको जालोमा जनता



राजन कार्की

लामो द्वन्द्वका कारण सोमालियामा सरकारले अझै काम गर्न सकेको छैन, प्राकृतिक विपदासमेत जारी नै रहेको छ । ७० प्रतिशत जनता ३० वर्ष मुनीका छन् र २० प्रतिशत बालबालिकाले पाँचौं जन्मदिन पनि मनाउन नपाउँदै मर्छन् । आधा जनसंख्या अत्यन्त गरिवीको रेखामुनी छन् । ७० प्रतिशत जनसंख्या विकट गाउँमा बस्छन् । लामो गृहयुद्धका कारण अस्थिरता जारी छ । सोमालियामा सोमाली भूभाग र पुन्तभूभागको विवादले उग्ररूप लिएको छ । सिंचाईको अभावमा उत्पादन न्यून छ, खाद्यान्नको चर्को अभाव जारी नै छ । निकासीभन्दा आयातमा निर्भर अर्थतन्त्र भएकाले भ्रष्टाचारसमेत व्याप्त छ । जनताप्रति जिम्मेवार राजनीतिको सुरूआत हुनैसकेन ।

हाइटीमा जनवरी १२, २०१० मा ७ रेक्टरको भूकम्प गयो । भूकम्पको धक्कापछि जसरी भ्रष्टाचार बढ्यो, त्यसबाट ७ वर्षपछि पनि हाइटीको हालत साह्रै दयनीय रहेको छ । १५ लाख शरणार्थी बने, १४ लाख छटपटिएर हिडे । अहिलेसम्म पुननिर्माण हुनसकेको छैन । राजनीतिक अस्थिरता दिनदिनै बढेर गएको छ । गैरजिम्मेवार र स्वार्थी नेताका कारण हाइटीको हालत हाहाकारमय छ । हाइटीमा भूकम्प के गयो, राजनीतिक दल, प्रशासन र पहुँचवालाका लागि भाग्योदय चिठ्ठा खुल्यो । यति भ्रष्टाचार भयो कि हाइटीवासी एकछाक पेटभरि खाले खान पनि नपाउने अवस्थामा पुगे । वर्षाको झरिसरी ओइरिएको अन्तर्राष्ट्रिय राहत नगद र जिन्सी सबै सक्नेले लुटेर खाए । जनता खानै नपाएर कति मरे कुनै हिसाव नै भएन ।

प्रश्न छ, नेपालमा पनि भूकम्प गयो । भूकम्पपछिको एकवर्षमा जे देखियो, त्यो हाइटीकै झल्को देखियो । जनताले वर्षदिनसम्म सामान्य राहतसम्म पाएनन्, तिनले बास कहिले बनाउने ? अन्तर्राष्ट्रिय सहयोग बितरण गर्ने हो भने भूकम्पपीडितले करोडका दरले पाउने स्थिति छ । सहयोगी हातहरू अहिले पनि बढेका बढ्यै छन् तर विदेशी सहयोगलाई जनताको हातसम्म पुग्न नदिने राज्य र राजनीति नै बाधक बनेका छन् । यो सबै नैतिकहीनता, विधिविहीनता र लोकलज्जाको अभावले भएको हो ।

लोकतन्त्रमा बिधि प्रमुख हुनुपर्ने हो, विधिले सबै समस्याको समाधान गर्दै लोक अभिमतको सम्मान गर्नुपर्ने हो । नेपालमा लोकतन्त्र त आयो, विधि बस्न सकेन । तस्करतन्त्र, भ्रष्टाचार र कमिशनतन्त्रको जालो झन झन बाक्लिदै गएको छ । राज्य, राज्यसंयन्त्र र संविधान तस्करतन्त्रका सामु निरीह बन्दै गएका छन् ।

माकुराको जालोमा किरा मर्छन, तस्करतन्त्रको जालोमा ँजनता मर्छन् र देशको अर्थतन्त्र र देश मर्छ । नेपालमा ठूला पार्टीहरूको जालो छ, ठूला पार्टीहरूसँग मिलेर तस्करतन्त्रको झन कडा जालो फैलिएको छ । कमिशनखोर र भ्रष्टाचारीहरूको जालो त फालिसँध्य छैन । लोकतन्त्रमा यसरी जालैजालोमा फसेको मुलुकको शान्ति, स्थिरता, विकास र सुशासन स्यालको सिङ हराएजस्तो अवस्थामा छ । जता हेर्‍यो, उतै कालो छ, कालो अर्थात तस्करी, माफिया, भ्रष्टाचार र कमिशनको कालो जालो छ, उज्यालो कतै छैन ।

एकातिर भूकम्पको विपत, अर्कोतिर राज्यको निरीहता र भ्रष्टाचारीकरण । एकातिर समानताको भाषण र अर्कोतिर असमानता, शोषण, मनपरी र ठूला पार्टीको सिण्डिकेटकरण । जनतालाई लोकतन्त्रको चमक देखाएर जनताकै टाउकामाथि हम्मर बजारेर राजनीतिक दलहरूले निरंकूशतन्त्र चलाइरहेका छन् । राजनीतिक दलहरू माफिया, तस्कर र भ्रष्टाचारका संरक्षक बनेका छन् । यसैकारण देशको अधोगति, नेपालीत्वको समाप्तिकरण र बर्बादीकरणका नजाराहरू मेचीदेखि महाकालीसम्म छरपस्ट देखिन सक्छ ।

एकजना पनि सामान्य नागरिक लोकतन्त्र, संविधान, सरकारका क्रियाकलाप देखेर खुशी छैन । धार्मिक, संघीयता, जनतन्त्र र राजतन्त्रका मुद्दाहरू आगो बनेर उठ्ने र त्यसले कति पोल्ने हो, डाम्ने हो कि खरानी हुनुपर्ने हो भन्ने भयग्रस्त हुनथालेका छन् । जनतालाई आश्वस्त पार्न नसक्ने लोकतन्त्र, लोकनेता, लोकविधिको यस्तो दयनीयता । नेताहरू देखेर जनतामा घृणाभाव बढ्दै गइरहेको छ ।

मधेसले विभेद भयो, अधिकार चाहियो भनेर आन्दोलन गरे । त्यो आन्दोलनलाई संवोधन गर्न सकेनन् राजनीतिक दल, संसद र सरकारले । मधेसी मोर्चाले सीमा नाका केन्द्रित आन्दोलन गरे । भारतले अघोषित नाकावन्दी गरिदियो । नाकावन्दीमा रातारात कालोबजारी चम्काएर हजारिया लखपति, लखपति करोडपति र करोडपति अरवपति बन्न सफल भए । यो कालोबजारमा राजनीतिक कार्यकताले सकेसम्मको फाइदा उठाए, कर्मचारी र सुरक्षा निकाय पनि मुछिए । सम्भ्रान्त परिवारदेखि बिगहाउसम्मका उद्यमी र व्यापारीसमेत कालोबजारीबाट मालामाल बने । अख्तियारले यी सबै देख्यो, नियन्त्रण गर्न सकेन । राज्यलाई थाहा छ, रोक्न सकेन । परराष्ट्र, गरिवीनिवारण उपप्रधानमन्त्रीद्वयले तस्कर र कालाबजारियाले समेत नाकावन्दीलाई सघाए, तिनै तस्कर र कालाबजारियाले अहिले पनि ग्यास, पेट्रोल, डिजलको हाहाकार गराइरहेका छन् भनेर आरोप लगाए तर सिङ्गो ओली सरकार हाँसेर तस्कर र कालाबजारियालाई सघाइरहेको छ । मन्त्री, सचिव र सुरक्षा निकायसमेत संलग्न भएको प्रमाणित भइसक्यो, माकुराको जालोमा झिंगा मारिएझैं तस्करतन्त्रको जालामा जनता मरिरहेका छन् । यथार्थमा यो जनता मरेका होइनन्, लोकतन्त्र मरिरहेको छ ।

नाकावन्दी खुलेको यति लामो समय भइसक्दा पनि बजार सामान्य छैन । पेट्रोलको लामो लाइन देखिन्छ, ग्यास कतै पाइदैन । खाद्य सामग्रीको मूल्यले सगरमाथा बिजय गरेको छ । सरकारको नियन्त्रणमा न शासन छ, न प्रशासन । न उद्यमी, व्यापारी छन्, न बजार । सरकार छ, बुख्याँचा उभ्याएझैं सिंहदरवारमा छ । सरकार चलाउनेहरू राज्यकोषको भोजभत्तेर खाइरहेका छन् । जनताका लागि सरकार छैन, जनताले सरकार छ भन्ने अनुभव गर्नै पाएनन् । प्रधानमन्त्री ओली भन्छन् : यो सरकार बम्पर उपहार होइन । उनको भनँईको अर्थ बहुमतको विश्वासमा बनेको सार्वभौम र शक्तिशाली लोकतान्त्रिक सरकार हो ।

होला, तर जनताको विश्वासमा सरकार कहाँ छ ?जनताको जीवनमा सरकार किन छैन ?लोकतन्त्रका बिधि, गरिमा र महिमामा लोकतन्त्रको मात्रा छ कि छैन ? लोकतन्त्रमा लोक आश्वस्त हुनुपर्छ, लोकको शान्तिसुरक्षा, शिक्षा–स्वास्थ्य, गाँसबासमा सरकार देखिनुपर्छ । ओली शासनमा लोक किन निसास्सिरहेका छन् । लोक धारे हात लगाएर सरकारलाई सत्तोसराप गरिरहेका छन् । ओली सरकार सिंहदरवारमा होला, एमाले कार्यालयमा होला, सत्ताधारी दलका कार्यकर्ताहरूमा होला तर न्यायमा छैन, लोकका आँखामा छैन, सुशासन र समानतामा छैन । योग्यताको कदरमा पनि छैन । ओली सरकार छ, एमालेका लागि छ । गठबन्धनका लागि छ । आमनागरिकले सरकार देखिरहेका छैनन् । यस्तो सरकार बम्पर उपहार होइन भनेर गुड्डी हाँक्नुको अर्थ छैन । यथार्थमा यो सरकार सिण्डिकेट सरकार हो । टालाटुली बटुली भन्ने बालबालिकाको पुतलीको खेलजस्तो सरकार हो यो ।

सरकार जनताप्रति जिम्मेवार हुनुपर्छ । सरकार देशप्रति कर्तव्यपरायण पनि हुनुपर्छ । सरकार भनेको साइनबोर्डमा सिमित हुनुहुन्न । सरकार देशभित्र प्रभावशाली हुनुपर्छ । सरकार देशबाहिर पनि देखिनुपर्छ । राष्ट्रसंघको सदस्य हुनुमात्र सरकार होइन । जिम्मेवार नभएको सरकारलाई सरकार भन्न मिल्दैन । नेपाल सरकार जनतामा प्रभावहीन छ, कूटनीतिक बृत्तमा पानीचित्रजस्तो देखिन्छ । सरकार जमिन्दारी चलाइरहेको छ । जमिन्दारीले मौजा चलाउँछ । देश कुनै दलको मौजा हुनसक्दैन । तर, नेपालका राजनीतिक दलहरू जो सरकारमा गएका छन्, तिनले देशका राज्यसंयन्त्र, संवैधानिक निकाय, पियनदेखि मुख्यसचिवसम्म भाग शान्ति जय नेपाल सरकार चलाएका छन् ।

नेपाल सरकार १७ दलको मिलिजुली सरकार हो । मिलिजुली सरकारका सदस्यहरू आफ्नालाई न्यायाधीश, राजदूत, वाणिज्यदूत बकस दिन्छन्, मानौं १७ दल धीरशमशेरका भाइभारदार हुन् । जो राणाशासन जगाउन चाहन्छन् । लोकतन्त्रमा बकस दिने नयाँ परम्परा बसेको छ । निरंकूशता फालेका थिए जनताले, नयाँ सामन्त, नयाँ निरंकूशता, नयाँ बादशाही सुरू भएको छ देशमा ।

यस्तो बादशाहीलाई जनताले कहिलेसम्म सहने ? एकातिर आफै अकर्मण्य छन्, अर्कोतिर योग्यहरूलाई विभेद गरिरहेका छन् । जतिसुकै अयोग्य भए पनि तिनका दलका सदस्य अथवा पैसाको बिटो दिनसक्ने योग्य हुने निरन्तरता जारी रहने र एक नेपालमा अनेकताको जुन बिभाजनकारी रेखा कोरिन थालेको छ, यसले नेपाललाई अन्तर्राष्ट्रिय खेल मैदान र राष्ट्रिय रूपमा महाभारतको कुरूक्षेत्र बनाउने निश्चित छ भन्दा फरक पर्दैन ।

बुद्धि नभएका, बुद्ध बंगारो पनि नपलाएकाहरू राजनीतिक च्याँखे बल्झाएर सत्तामा पुगेपछि देश यसैगरी बर्बाद हुन्छ । यी बुद्धिहीनहरू घरको छानो जलाएर न्यानो अनुभव गरिरहेका छन्, आमनागरिक छानोबिहीन बनेर घामपानीबाट बच्न धौधौको अवस्थामा पुगेका छन् । यस्तो बिकृति र बिसंगति, यस्तो राजनीतिक नादानी कहिलेसम्म जनताले सहने ?

नेपालकै उत्कृष्ट कोरियन भाषा इन्स्टिच्यूट
सिन्ह्वा कम्पनी प्रा.लि.
बागबजार, काठमाडौं
(पिके क्याम्पस अगाडि, यति प्लाजा)
फोन : ०१-६९२३१५२, ६९२३१३०

PHOTOCOPY SCAN/PRINT COLOUR & B/W
Tshirt Cup Pen Sticker Power Bank Golf Ball


लोडसेडिङ्गमा पनि सेवा उपलब्ध छ ।
SRIJAL PRINTRONIX
Opp. P K Campus
Way to Yeti Plaza
Bagbazar, Kathmandu
Nepal
01-4242310
srijal.printronix@gmail.com
www.facebook.com/srijalprintro
www.srijal.com
UV Print | Digital Print | Duplicating | Sublimation Print | Print & Cut | Offeset | Screen Print



# RAW, from Palk Strait to Balochistan

The arrest of Commander Kulbhushan Yadav from Balochistan may have surprised many in the media and political hierarchy; however Indian prime agency RAW's involvement to destabilize neighbourhood of India is nothing new as it is part of a larger Indira Doctrine. The Doctrine as stated by Bhabani Sen Gupta in 1983 appeared to be very benign and simple but it had germs of a La Monroe doctrine. One of the clauses of Indira Doctrine stated, "India will not tolerate external intervention in a conflict situation in any South Asian country, if the intervention has any implicit or explicit anti-Indian implication. No South Asian government must, therefore, ask for external military assistance with an anti-Indian bias from any country".

The timing of promulgation of Indira Doctrine coincided with the implosion of civil war within Sri Lanka which converted this beautiful tourist paradise into a hell hole for next three decades. Palk Strait became the main conduit of supplying of arms and logistics to Liberation Tigers of Tamil Elam (LTTE), as RAW would push it through the strategic base of Tamil Nadu into Mollativu Forests and Jaffna peninsula. When the feared and mighty Generalissimo Prabharkaran of LTTE was taken out by Sri Lankan forces in 2009 at Nanthi Kadal, the rear guard action was being fought by RAW's operatives led by a Colonel level officer who wanted Prabharkaran to escape across the Palk Strait. With the fall of Mollativu and Elephant pass to Srilankan defence forces, their intelligence uncovered a trove of RAW's secret cells and logistic bases which had kept Srilanka burning for thirty years.

RAW's next big game opened against the arch rival Pakistan after fall of Taliban regime, as Afghanistan became the centre of power game led by the US with a plethora of approximately 40 intelligence agencies actively pursuing their agenda. RAW exploited the swaths of ungovernable areas of Afghanistan for setting the bases across the Durand Line and even within some of Indian Consulates in Iran, with the objectives like, Befriend anti Pakistan terrorist organizations and support selective but ruthless terrorist organizations like TTP, Lashkar e Jhangvi and Daish etc; Penetrate the area east of River Indus including Balochistan to support proxy war against Pakistan; support dissident leadership of BLA etc, and supply them arms and ammunitions to sabotage life line of Balochistan, especially the communication networks; Provide diplomatic support to dissident leaders and organize seminars and conferences in major capitals of the western world to highlight cause of liberation of Balochistan.

The RAW plans also included to develop a network of criminals, smugglers and terrorist organizations within Pakistan for targeting urban areas, military installations and law enforcement agencies and also penetrate militant wings of some nationalist parties to make entire cities hostage to RAW's agendas. Balochistan became a prime target because of three major reasons; the deep sea port of Gwader would propel Pakistan into the maritime game of the Indian Ocean and allow it to grow faster than India. Development of mineral and energy resources of Balochistan would give an added advantage to Pakistan and lately CPEC would bypass India as the economic hub of South Asia weakening Indian economic and strategic position vis-a-vis China.

The extent of RAW's involvement in Karachi, Balochistan, KPK and even urban centres of Punjab and Sindh may not be fully known; however, the intelligence being gathered from Commander Kulbhushan may uncover some of the strategic directives given to him by South block and Mr. Ajit Kumar Dovel.

Pakistan's defensive attitude to RAW's blatant involvement within Pakistan in kinetic and non-kinetic domains is one reason this agency has operated so freely and ruthlessly on Pakistani soil. Despite the handing over of dossiers to Indian leadership in Sharm al Sheikh, the cozying of top political leadership to Indian overtures has probably convinced Indian establishment that Pakistan was a soft state and its leadership could be taken for a ride behind a smoke screen of Bollywood and smiling Modi.

Indian track record of dealing with her neighbours is not very bright, Pakistan had its share of four wars right from 1948 including dismemberment in 1971, Sikkim was absorbed, China was engaged in a war across the Himalayas in 1962, Srilanka was invaded and subjected to RAW's proxy war for three decades, Maldives was coerced, even the Kingdom of Nepal has been isolated through trade embargos and arms twisting. What could be Pakistan's strategy to deal with RAW's blatant involvement as this agency has been badly exposed to the entire world? This is million dollars question. Kulbhushan Yadav aka Hussain Mubarak Patel is just tip of the iceberg; how many serving and retired RAW operators are operating on Pakistani soil may not be ever known; however the arrest of such high ranking officer and his ability to operate from Iran raises more questions.

Pakistan has to build her case with complete preparations through the trove of intelligence likely to be gathered from Commander Kulbhushan and present it bluntly to Indian Political leadership. Pakistan also needs to share the information with Iran and Afghanistan with a request to uncover the Indian agenda to use soil of friendly countries against Pakistan. For international community and our western allies, Pakistan needs to build its case on the lines of post Mumbai India; especially exposing Indian State's active involvement in unleashing a reign of terror within Pakistan.

Pakistan also needs to weigh the cost of appeasement of India in last two decades and what benefits it has given to Pakistan; has this policy solved Pakistan's teething problems like Indian theft of water from Pakistani Rivers, trade and commerce, Sir Creek, Siachen and Kashmir dispute? If the answer is no, then Pakistan may review its policy vis-a-vis India, there is no other way.

**By : Kauravi**


## धुम्रपान तथा सूर्ति सेवनको असरबाट बच्ने उपायहरु

सूर्तिजन्य पदार्थ नियन्त्रण र नियमन गर्ने ऐन, २०६८ अनुसार देहायबमोजिमका सर्वाजनिक स्थल, कार्यस्थल र सार्वजनिक यातायातमा धुम्रपान तथा सूर्ति सेवन गर्न पाईँदैन । यो व्यवस्थालाई कडाइका साथ पालना गर्नाले धुम्रपान तथा सूर्ति सेवनको असरबाट बच्न सकिन्छ ।

- राज्य तथा सरकारी निकाय, संस्था वा कार्यालय
- शिक्षण संस्था, पुस्तकालय, तालिम तथा स्वास्थ्य सम्बन्धी संस्था
- विमानस्थल, वायुसेवा तथा सर्वाजनिक सवारी साधान
- बालकल्याण गृह, शिशु स्याहार केन्द्र, बृद्धाआश्रम, अनाथालय, बाल उद्यान तथा क्बल,
- सार्वजनिक शौचालय
- उद्योग तथा कलकारखानाका कार्यस्थल
- चलचित्र घर, साँस्कृतिक केन्द्र तथा नाट्यशाला
- होटल, मोटल, रिसोर्ट, रेष्टुरेन्ट, बार, भोजनालय, चमेनागृह, लज, छात्र वा छात्राबास तथा अतिथि गृह
- रंगशाला, कभर्डहल, शारीरिक सुगठन व्यायाम केन्द्र, पौडी पोखरी तथा पुल हाउस
- डिपार्टमेन्टल स्टोर तथा मिनि मार्केट
- धर्मशाला तथा धार्मिक स्थल
- सार्वजनिक सवारीका प्रतीक्षालय तथा टिकट काउन्टर ।

उपरोक्त बमोजिमका सार्वजनकि स्थलमा कसैले धुम्रपान तथा सूर्ति सेवन गरेमा उक्त स्थानबाट बाहिर निकालिने वा १०० रुपैयाँ जरिवाना वा दुवै सजाय हुने व्यवस्था छ । व्यवस्थापक (सार्वजनिक स्थलको प्रमुख)ले उक्त बमोजिमको सजाय गर्नुपर्ने छ । त्यसैले उक्त सर्वाजनकि स्थलमा कसैले पनि धुम्रपान तथा सूर्ति सेवन नगरौँ । आफ्नो र अरुको स्वास्थ्यको सुरक्षा गरौँ ।

**सबै सर्वाजनिक स्थलका व्यवस्थापक वा प्रमुखहरुले आफ्नो सर्वाजनिक स्थलमा धुम्रपान तथा सूर्ति सेवन गर्ने कार्य बन्द गराऔं । आफू र अरु व्यक्तिबाट ऐनको पूर्णरुपमा पालना गरौँ, गराऔँ ।**

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
जिल्ला जनस्वास्थ्य कार्यालय
टेकु, काठमाडौं




# अब समृद्धिको राजनीति

*डम्बर खतिवडा*

हिजोआज विकास, सुशासन र समृद्धिको बहस अलिक बाक्लै हुन थालेको छ । कांग्रेस–एमाले–एमाओवादीजस्ता पुराना र परम्परागत राजनीतिक दलका नेताहरु भाषण, प्रवचनमा अबको राजनीतिक एजेन्डा विकास र समृद्धि नै हो भन्न चुकाउँदैनन् । हिजोसम्म यी दल अनेक शास्त्रीय बहस गर्न रूचाउँथे । प्रजातान्त्रिक समाजवाद, बिपी विचार, उदारवाद, जनताको बहुदलीय जनवाद वा प्रचण्डपथजस्ता सैद्धान्तिक मिथकीकरणभित्र विकास, सुशासन र समृद्धिको मुद्दा छोपिएको थियो ।

वैकिल्पक राजनीतिको उद्घोष गरेको नयाँ शक्ति, नेपालले आफूलाई शास्त्रीय बहसबाट साहसपूर्वक बाहिर निकालेर राजनीतिमा 'विकासवादी' बहसको प्रारम्भ गर्‍यो । सम्भवत यसको मनोवैज्ञानिक प्रभाव अरु दलमाथि पनि परेको हुनुपर्छ । यदि त्यस्तो प्रभाव परेको छ भने त्यो सकारात्मक पक्ष हो । कुनै पनि एजेन्डा जबसम्म कुनै एउटा दलको मात्र हुन्छ, त्यो कार्यान्वयनमा आउन गाह्रो हुन्छ । जब त्यो राष्ट्रिय एजेन्डा बन्छ अनि मात्र कार्यान्वयन हुन सक्छ । उदाहरणका लागि संविधानसभा जबसम्म माओवादीको मात्र एजेन्डा थियो, त्यो कार्यान्वयन भएन । जब सबै दलको साझा, राष्ट्रिय एजेन्डा बन्यो कार्यान्वयन भयो ।

विकासवाद राजनीतिको दर्शन हुन सक्छ कि सक्दैन भन्ने बहस पनि बिस्तारै मुखरित हुन थालेजस्तो लाग्छ । पञ्चायतकालीन विकासवादको आफ्नै समस्या थियो होला । सत्ता राजनीतिका लागि शाह राजाहरूले विकास शब्दको व्यापक दुरूपयोग गरेका थिए भन्दैमा विकास शब्द नै अछुतो हुने वा राजनीतिमा त्यसको महत्व नै नहुने भन्ने होइन । विकासवादको बहस अरु सबै सान्दर्भिक तत्वबाट टुटेको एकांकी बहस मात्र पनि होइन । जतिखेर जुन चिजको आवश्यकता बढी हुन्छ, त्यतिखेर त्यही बहस बढी मुखरित भएर आउँछ । नेपाली जनताले यतिखेर विकास, सुशासन र समृद्धिको मुद्दालाई महत्व दिनु अत्यन्त आवश्यक र जायज छ । नागरिकको त्यो चाहनालाई मुखरित गर्नु राजनीतिक दलहरूको कर्तव्य हुन पुग्छ ।

जब राजनीति समृद्धि र सुशासनको मुद्दामा आइपुग्छ, त्यो पूरै शास्त्रीय र किताबपन्थी हुनै सक्दैन । उदाहरणका लागि हामी दशकौंदेखि उदारवाद र समाजवादको बहस गरिररहेका छौं । आज पनि कैयौं विश्लेषकको विश्लेषण पद्धतिको मुख्य आधार यही छ । तर, उदारवादीले होस् वा कथित परम्परावादी समाजवादीले आफ्नो बहसको सान्दर्भिकतालाई व्यवहारतः पुष्टि गर्न सकेका छैनन् । सुशासन र समृद्धिको राजनीति अलिकति 'प्रग्माटिस्ट' अवश्य हुन्छ । देंग सियाओ पिङले बिरालाको रंगभन्दा त्यसले मुसा खान्छ कि खाँदैन भन्ने कुरा बढी महत्वपूर्ण ठान्नु सम्भवतः उनले शास्त्रीय दर्शनहरूको व्यावहारिक सीमा बुझ्नु नै हो ।

लि क्वान यु र सिंगापुरबारे पनि त्यस्ता थुप्रै कथन छन् । केही पश्चिमा पत्रकारले प्रारम्भिक दिनमा उनलाई कसरी सिंगापुरको विकास गर्नुहुन्छ भन्ने प्रश्न गर्दा उनले पनि बनिबनाउ ढाँचा दिन सकेका थिएनन् । अधिकांशतः उनको कथन हुन्थ्यो, 'हामीसँग सिंगापुरका लागि केही गर्ने इच्छाशक्ति छ, केही प्रारम्भिक सोच छन्, ती पुग्दा छैनन्, तर जसरी गर्दै जाँदा सिंगापुर बन्छ, हामी त्यसरी नै गर्नेछौं ।' देङको झैं लि क्वान यूको यस्तो भनाइ पनि 'प्रग्माटिस्ट' नै हो ।

तर विकास, विकास, विकासको राग अलापेर मात्र विकास हुने होइन । समृद्धिको भाषण गरेर मात्र पनि केही हुने होइन । राजनीतिमा सपनाको कुरा हुन्छ नै । तर, सपना देख्ने र भन्नेहरूको व्यावहारिक सान्दर्भिकता पनि सँगसँगै पुष्टि हुनुपर्छ । अन्यथा त्यो हावादारी गफ बन्न पुग्छ । नेपालका वर्तमान प्रधानमन्त्री केपी ओलीले घरघरका चुलामा ग्यासको पाइपलाइन पुर्‍याइदिन्छु भनेजस्तै । प्रधानमन्त्री ओलीले थुप्रै राम्रा सपनाको कुरा गरेका छन् । तर, उनको सरकारको कार्यशैली र क्षमताले त्यसलाई पुष्टि गरिरहेका छैनन् । तसर्थ ती हावादारी छन् ।

विकास र समृद्धिको मुद्दा कुनै हावादारी गफ हुन सक्दैन । कुनै एक पार्टीको 'प्याटेन्ट'को विषय पनि हुन सक्दैन । यो बहसलाई जति धेरै विस्तारित गर्न सक्यो, त्यति नै नागरिकको सोच्ने तरिकामा फेलबदल आउनेछ । अधिकांश नागरिकको मस्तिष्कमा आफ्नो देशबारे जस्तो चित्र हुन्छ, त्यो देश त्यस्तै बन्दै जान्छ । लोकतन्त्रमा देश निर्माता नागरिक आफ्नै हुन् । राजनीति र प्रशासन निमित्त मात्र हो । तर, राजनीति र प्रशासनको विकासमैत्री ढाँचा निर्माण नभएसम्म समृद्धिको कल्पना गर्न सकिन्न । अहिलेको नेपालको सबैभन्दा ठूलो समस्या पनि यही हो । राजनीति र प्रशासनको ढाँचा र कार्यशैलीलाई साबिक राखेर गरिने सुशासन र समृद्धिको बहस एउटा अर्को झुट साबित हुने निश्चित छ ।

अहिलेका पुराना र परम्परावादी दलहरूले त्यही गरिरहेका छन् । जनताबीच उनीहरु अनेक सपना र योजनाका कुरा गर्छन् । तर, ती काम किन भइरहेका छैनन् त ? किनकि हामीसँग त्यसअनुरूपको विकासमैत्री राजनीतिक तथा प्रशासनिक संचरना छैनन् । विनियोजित बजेट समयमै खर्च नहुने देशमा बजेट अभावको कुरा पनि निरर्थक हुन जान्छ । हाम्रो प्रशासनको कार्य क्षमता स्तर किन उठेन ? हामीले आफ्नो प्रशासनिक ढाँचा, कानुनी जटिलता र झन्झटिला प्रक्रियालाई कसरी हल गर्ने ? यो पक्षबाट कसैले बहस गरेजस्तो लाग्दैन । यही हालतमा जुनसुकै पार्टीको नेतृत्वमा सरकार बने पनि केही हुनेवाला छैन ।

**विकासवाद राजनीतिको दर्शन हुन सक्छ कि सक्दैन भन्ने बहस पनि बिस्तारै मुखरित हुन थालेजस्तो लाग्छ । पञ्चायतकालीन विकासवादको आफ्नै समस्या थियो होला । सत्ता राजनीतिका लागि शाह राजाहरूले विकास शब्दको व्यापक दुरुपयोग गरेका थिए भन्दैमा विकास शब्द नै अछुतो हुने वा राजनीतिमा त्यसको महत्व नै नहुने भन्ने होइन ।**

अहिलेको सरकारको दाबीअनुसार देशमा पूरै लोडसेडिङ हट्न अब ६ महिना मात्र बाँकी छ । लोडसेडिङ ६ महिनाभित्र हट्ने आधार के हो त ? कतै प्रस्ट छैन । हरेक प्रधानमन्त्रीलाई पदमा पुग्नुअघि लाग्दो हो, अरु सबै नालायक हुन्, आफू भए सबैथोक गर्दिने थिएँ, तर सत्तामा पुगेको केही महिनाभित्रै उनीहरूको जोस मर्न थाल्छ, उनीहरु आफूले राम्रा राम्रा योजना ल्याएको, निर्देशन दिएको तर प्रशासनयन्त्रले लागू गर्न नसकेको भन्दै दोष पन्छाउँदै उम्किन खोज्छन् । यदि त्यसो हो भने उनीहरु सुरूवातमै प्रशासन सुधार गर्नतिर किन नलगेका त ? सुशासनविना समृद्धि सम्भव हुँदैन । सुशासन समृद्धिको सर्त हो । त्यसका लागि प्रशासनको ढाँचा, शैली, कार्य क्षमता र पारदर्शिता बढाउनुपर्छ भन्ने नेपालको राजनीतिक नेतृत्वले कहिल्यै बुझेन । केवल कर्मचारीतन्त्रलाई गाली गरेर उम्किने बाटो मात्र समात्यो ।

जुन प्रकारको राजनीतिक प्रणाली हामीले अपनाएका छौं, कुनै महत्वपूर्ण, ज्ञानी, स्थिर शासकको उदय होला र देशका लागि उसले केही गर्ला भन्ने आशा गर्ने ठाउँ छैन । संसदीय प्रणालीमा कुनै प्रधानमन्त्रीले दरो गरी खुट्टो टेक्न नपाउँदै राजनीतिक संकटहरु चुलिइसकेका हुन्छन् । अन्तरपार्टी कलह, सत्ता साझेदार दलबीचको खिचातानी, विपक्षी दलसँगको असन्तुलन र सामाजिक आन्दोलनसँग समन्वय गर्न नसक्दा सरकार भित्रभित्रै मक्किसकेको हुन्छ । अहिलेको ओली सरकार पनि लगभग त्यही स्थितिमा पुगिसकेको छ । कांग्रेसले प्रचण्डलाई वा एमाओवादीले देउवालाई भावी प्रधानमन्त्री स्वीकार गर्न सकेको दिन यो सरकारको आयु पनि समाप्त हुनेछ ।

अझै पनि केही विश्लेषक विकास, सुशासन र समृद्धिको मुद्दाभन्दा दर्शन र राजनीतिक सिद्धान्तको प्रश्न नै मुख्य हो भन्ने ठान्छन् । यो जडतालाई चिर्न त्यति सजिलो छैन । मान्छे प्राकृतिक स्वभावकै हिसाबले स्कुलिङमा चल्ने प्राणी हो । जब व्यवहार र भोगाइबाटै अविश्वास सिर्जना हुँदैन, तबसम्म मानिसले आफ्नो मातृविचार र पूर्ववर्ती सिद्धान्तप्रति अविश्वास गर्दैन । तसर्थ यो गहिरो प्रश्न होइन कि केही विश्लेषकहरु, बुद्धिजीवीहरु के भन्छन् । मुख्य प्रश्न हामीलाई समयले कतातिर लगिरहेको छ र नागरिक अपेक्षा कुन दिशातिर मोडिएको छ भन्ने हो ।

निःसन्देह अबको राजनीति समृद्धिको लागि हुनुपर्छ । त्यसको एउटा प्रस्ट मार्गचित्र सबैसँग हुनुपर्छ । हरेक पार्टीले आआफ्ना मार्गचित्र बनाऊन्, तिनीहरूबीच व्यापक छलफल होस्, कुन विकल्प बढी सही, उपयुक्त हो भनेर नागरिकले छनोट गरून्, अनि मात्र देश समृद्धिको दिशातिर अग्रसर हुन सक्छ ।



# कृषि विकास बैंकको लाभांश पारित

काठमाडौं । कृषि विकास बैंकले आर्थिक वर्ष ०७१/७२ को मुनाफाबाट सेयरधनीलाई १५ प्रतिशत बोनस सेयर दिने भएको छ । नेपाल सरकारको अग्राधिकार सेयरमा समेत तोकिएबमोजिम ६ प्रतिशत नगद लाभांश दिने प्रस्ताव मंगलबार सम्पन्न बैंकको नवौं साधारणसभाले पारित गरेको छ ।

बोनस सेयरपछि कायम हुने साधारण चुक्ता पुंजीमा २:१ (५०) प्रतिशतले हुने हकप्रद सेयर जारी गर्ने निर्णय पनि साधारणसभाले पारित गरेको छ । निर्णयबाट करिब २ लाख सेयरधनी लाभान्वित हुने बैंकले जनाएको छ ।

कार्यक्रममा बैंक सञ्चालक समिति अध्यक्ष प्रमोदकुमार कार्कीले पेस गरेको चालू आव ०७१/७२ को वासलात, नाफा/नोक्सान हिसाब, नगद प्रवाह विवरण र चालू आव ०७१/७२ फागुन मसान्तसम्मको कार्यसम्पादन विवरण साधारणसभाले पारित गरेको छ ।

साधारणसभामा अध्यक्ष कार्कीले बैंकको कुल चुक्ता पुंजी (अग्राधिकार सेयरसमेत गरी) ९ अर्ब ८६ करोड ८ लाख रहेकामा त्यसमध्ये साधारण सेयर पुँजी ३ अर्ब ४२ करोड ४० लाख छ भने नेपाल सरकारको अग्राधिकार सेयर ६ अर्ब ४३ करोड ६८ लाख छ ।

साधारण सेयर पुंजीबापत




नेपाल सरकारको १ अर्ब ७४ करोड ६२ लाख ४० हजार (५१ प्रतिशत) तथा सर्वसाधारणको १ अर्ब ६७ करोड ७७ लाख ६० हजार (४९ प्रतिशत) छ ।

साधारणसभाले बैंकको अधिकृत पुंजी वृद्धि गरी १८ अर्ब पुऱ्याउने, अधिकृत पुँजी वृद्धिपछि कुल साधारण सेयर पुँजी ९ अर्ब र कुल अग्राधिकार सेयर पुँजी ९ अर्ब हुनेछ ।

आव ०७१/७२ को असार मसान्तमा सेयरधनी कोष ४८.३६ प्रतिशत वृद्धि भई ९ अर्ब ७८ करोड कायम रहेको बैंकले जनाएको छ । त्यसैगरी कुल सञ्चालन आम्दानी गत आवको तुलनामा २१.९८ प्रतिशत वृद्धि भई ६ अर्ब ६६ करोड पुगेको छ भने खुद मुनाफा गत आवको तुलनामा १३७.७५ प्रतिशत बढेर ३ अर्ब ५९ करोड पुगेको साधारणसभामा जानकारी दिइएको थियो ।

आव ०७१/७२ को असार मसान्तमा बैंकको निक्षेप रकम १६.९० प्रतिशत वृद्धि भई ७७ अर्ब ४ करोड पुगेको छ । त्यसैगरी कर्जा तथा सापटमा १५.६४ प्रतिशत वृद्धि भई ७२ अर्ब २४ करोड पुगेको छ भने बैंकको लगानी रकममा १.२० प्रतिशत वृद्धि भई १३ अर्ब ५४ करोड पुगेको छ ।

०७२ असार मसान्तको तुलनामा ०७२ फागुन मसान्तसम्म बैंकको निक्षेप रकममा ८.२९ प्रतिशत वृद्धि भई ८३ अर्ब ४३ करोड पुगेको छ । त्यसैगरी बैंकको कर्जा तथा सापटमा ४.८० प्रतिशत वृद्धि भई ७५ अर्ब ७१ करोड पुगेको छ । ०७२ फागुन मसान्तसम्म आयकरपछिको बैंकको नाफा ६० करोड ९० लाख रूपैयाँ रहेको साधारणसभामा जानकारी दिइएको थियो ।

# मधेशी मोर्चाको राजनीतिक सोच र आन्दोलनको दिशा

***रामसुकुल मण्डल***

व्यक्तिवादी सोचको आधारमा सञ्चालित मधेशकेन्द्रित दलहरू मधेशको अधिकार सुनिश्चित गर्ने परिपक्क सोच विकास गर्न नसकेको अवस्थामा ६ महिनाभन्दा लामो समयदेखि चलेको आन्दोलनलाई बिना कुनै निष्कर्ष स्थगितको घोषणा संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाले गरेपछि आन्दोलनमा होमिएका सर्वसाधारणहरूले आफू पराजित भएको महसुस गर्न थालेका छन् । व्यक्तिवादी सोचका धनी मधेशी दलका अध्यक्षहरू एउटा मधेशी दलले अर्को मधेशी दलबाट नेता कार्यकर्ता तानातानको खेललाई नै महत्व दिनु आफ्नो ठूलो पराक्रम ठानेका छन् । व्यक्तिवादी चरम अहंकारका कारण मधेश आन्दोलनलाई स्थगित गर्ने मनोगत विचार मधेश आन्दोलनको निर्णायाक विचार मान्न सकिदैन र मधेशको अधिकार आन्दोलन जागृत अवस्थामा छ । यो कुनै पनि बेला आन्दोलित हुनेमा दुईमत छैन ।

निर्णायक आन्दोलनका लागि शक्ति सञ्चय गरिरहेको मोर्चाले दाबी गरिरहेको छ । मोर्चाका शीर्ष नेताहरु ठूला दलका शीर्ष नेता, विभिन्न राजदूतावास र विदेश भ्रमणमा लागेका छन् । सातदलीय मोर्चाभित्रै पनि संकट देखिएको छ । मोर्चाका घटक दलका अध्यक्षहरु मधेश भ्रमणमा जाँदा ठूलाठूला भाषण गर्छन् । जनतालाई आश्वासन मात्र दिन्छन् तर, आन्दोलनको रणनीतिबारे केही पनि तयारी छैन ।

कहिले सद्भावना पार्टीले मोर्चा घटककै दलबाट नेता कार्यकर्ता भित्र्याउँछन् कहिले तमलोपा त कहिले फोरम लगायतले अधिकांश नेता कार्यकर्ताहरु यिनै पार्टीका एकबाट अर्को पार्टीमा तानातान भइरहेको छ ।

मधेशी जनताको सम्मान, स्वभिमान, शान्ति, विकास र समृद्धि केन्द्रित राजनीति गर्छौं भनी दल खोलेकाहरुको कार्यशैली र परिणाम विलयमुखी हुँदै गएको छ । विभिन्न गैरमधेशी दलबाट मनग्य अवसर प्राप्तिपश्चात् मधेश वृत्तमा आएका/पठाइएकाहरुको वर्चश्वमा रहेको मधेशी मोर्चाको नेतृत्वमाथि शंका हुनु स्वाभाविकै हो । वर्तमान नेतृत्वले पनि मधेशमा हुने महिला हिंसा, अन्याय, विकास, शान्ति र समानताका सवालमा इमान्दार प्रयास नगरेका कारण मधेशभित्र नयाँ नेतृत्वको खोजी हुँदैछ । अधिकारका निम्ति संघर्ष गर्ने दायित्व बोकेकाहरु सिंहदरबारका निमित्त संघर्ष गर्न थालेपछि आम मधेशी दुःखी भएका छन् ।

२०७० सालको संविधानसभाको निर्वाचन पश्चात् पनि होशमा आउन नसकेका मधेशी नेतृत्वलाई अझ पनि मुद्दाकेन्द्रित राजनीति गर्न सकेनन् भने नेपाली राजनीतिको इतिहासमा सीमित हुन बेर लाग्दैन । अझै पनि मधेशमा महिला बलात्कृत हुँदा, युवा पलायन हुँदा, सैनिकीकरण हुँदा वा मधेशमा प्राकृतिक प्रकोप हुँदा मधेशी नेतृत्व मौन बस्दै आएका छन् जुन लज्जाजनक विषय हो । सत्तालाई केन्द्रमा राखेर आवरणमा विभिन्न शिर्षकका मोर्चा, सम्झौता, विवाद, फुट र आन्दोलन गर्दै आएकाहरूलाई सच्चिन जरूरी छ । ढिलै भएपनि मुद्दाकेन्द्रित राजनीति थालिनुपर्छ । मधेशीहरूसँग हुने अमानवीय घटना, विभेद, दोहनहरूमा जनपक्षिय कार्य गर्न विलम्ब गर्नु हुन्न । जनताका निमित्त संघर्ष गर्ने, जनपक्षीय राजनीति गर्न प्रारम्भ गर्नुपर्छ । मधेशी दलको आडमा रहेका नेताहरूमध्ये ठूला दलका सिपाही, चारित्रिक फिरंगी र मधेशवादी को-को हुन् भनी छुट्याइन जरूरी छ ।

अहिले कार्यकर्ता तानातानभन्दा पनि मधेशी जनताले गरेको ६ महिनाभन्दा लामो आन्दोलन, बलिदानीलाई उच्च मूल्यांकन गरी मधेशमा प्रत्यक्ष वा अप्रत्यक्षरुपमा संघर्षरत शक्तिसँग सहकार्य गर्नु आवश्यक छ । एउटा मधेशी पार्टीबाट अर्को मधेशी पार्टीमा कार्यकर्ता ओसार पसार अविलम्ब बन्द हुनुपर्छ । सकेसम्म एउटै राजनीतिक संगठन बनाउनुपर्छ होइन भने सबैसँग सहकार्य गरेर महागठबन्धन बनाउनुपर्छ । होइन भने 'अई कोठीके धान ओइ कोठी'ले मधेशीले अधिकार पाउँदैन । २०७० सालको संविधानसभा निर्वाचन अगावै पनि मधेशी दलहरूले पार्टी प्रवेश अभियानै चलाएको थियो तर, त्यसको परिणाम ताजै छ ।

***(मधेश दर्पण फिचर सेवा)***

## खेलकुद

### निलम्बनमा क्यान

काठमाडौं । अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)ले नेपाल क्रिकेट संघ (क्यान)लाई निलम्बन गरेको छ । दुबईमा बसेको आइसिसी बोर्ड बैठकले सरकारी हस्तक्षेप र आन्तरिक विवादका कारण क्यानलाई निलम्बन गरेको जनाएको छ । आइसिसीको सोमबार राति सम्पन्न बैठकको निर्णय सार्वजनिक गर्दै दुई संघको विवादका कारण नेपालमा क्रिकेटको प्रशासनिक निकाय नभएकाले निलम्बन गर्नुपरेको स्पष्ट पारेको छ । 'नेपाल क्रिकेट संघ (क्यान) र राष्ट्रिय खेलकुद परिषद्ले गठन गरेको क्यानको तदर्थ समितिको विवाद अदालतसम्म पुग्दा नेपाली क्रिकेट नेतृत्वविहीन छ, त्यसैले बोर्ड क्यानको सदस्यता २.९ धाराअनुसार निलम्बन गर्छ,' आइसिसीले निकालेको विज्ञप्तिमा भनिएको छ । आइसिसीको २.९ धाराले सरकारी हस्तक्षेपलाई अस्वीकार गर्नुका साथै स्वतन्त्र निर्वाचनको वकालत गर्छ ।

क्यान प्रतिबन्धमा परेपछि खेलाडी र आर्थिक सहयोग के होला भन्ने प्रश्न उठेको छ । तर, आइसिसी खेलाडीका हकमा लचिलो बनेको देखिन्छ । आइसिसीले नेपाललाई दिँदै आइरहेको अनुदान पूर्ण रूपमा रोक्का गरेको छ । अब क्यानले आइसिसीबाट अनुदान पाउनेछैन । खेलाडीलाई खेल्नबाट वञ्चित नगर्ने भन्दै उसले खेलाडीलाई खेल्ने व्यवस्था मिलाउन सहयोग गर्ने स्पष्ट पारेको छ । क्यानलाई निलम्बनपछि अब नेपाली क्रिकेटको व्यवस्थापन आइसिसीले गर्नेछ ।

आइसिसी बैठकले आफ्ना कुनै पनि सदस्यमाथि सरकारी हस्तक्षेप स्वीकार नगर्ने स्पष्ट पारेको छ । क्रिकेट विकासका लागि आफ्ना सदस्यले स्वतन्त्रतापूर्वक काम गर्न पाउनुपर्ने आइसिसीको प्राथमिकता रहेको विज्ञप्तिमा उल्लेख छ । क्यानमाथि सरकारी हस्तक्षेप नहटेसम्म निलम्बन कायमै रहने उसले स्पष्ट पारेको छ । 'क्यान सरकारी हस्तक्षेपबाट स्वतन्त्र तथा राम्रो संरचनामा नचलेसम्म क्रिकेट प्रतिभा तथा सम्भावनामाथि शोषण हुन्छ, यो कायम रहेसम्म निलम्बन जारी रहन्छ,' विज्ञप्तिमा उल्लेख छ ।

आइसिसी बोर्ड बैठकमा ग्लोबल विकास प्रमुख टिम एन्डर्सनले नेपालसम्बन्धी प्रतिवेदन प्रस्तुत गरेका थिए । यसअघि नेपाल र नामिबियाबीचको खेलका दौरान नेपाल आएका एन्डर्सनले क्यान निलम्बनमा पर्ने चेतावनी दिएका थिए । सोल्टी होटेलमा भएको पत्रकार सम्मेलनमा एन्डर्सनले आइसिसीको धैर्यको बाँध टुटेको भन्दै विवाद मिलाउन दुवै पक्षलाई आग्रह गरेका थिए । 'आइसिसीको धैर्य लामो समय रहँदैन,' एन्डर्सनले भनेका थिए, 'आइसिसीले क्यानको सम्बन्धमा छिट्टै निर्णय गर्नेछ ।'

### पोखरा कपमा मनाङको ह्याट्रिक

कास्की । मनाङ मर्स्याङ्दी क्लबले पोखराको तेस्रो पटक उपाधि जितेको छ । मनाङले शनिबार सम्पन्न पाँचौं संस्करणको उपाधि जित्दै मनाङले उपाधिमा ह्याट्रिक गरेको हो । यसअघि मनाङले दोस्रो र तेस्रो संस्करणको उपाधि जितेको थियो । तेस्रो उपाधि जित्ने क्रममा मनाङले त्रिभुवन आर्मी क्लबलाई ५–० ले पराजित गऱ्यो । मनाङको जितमा अनिल गुरुङ र ओलवालेले २–२ गोल गर्दा सजुल श्रेष्ठले १ गोल थपे । उपाधिसँगै मनाङले ५ लाख ५ जित्दा उपविजेतमै सिमित आर्मीले २ लाख ५५ हजार पायो ।

खेलको ५६ औ सेकेन्डमा अनिल गुरूङले गोल गर्दै मनाङलाई सुरवाती अग्रता दिलाए । कमल श्रेष्ठले पेनाल्टी एरिया नजिकैबाट दिएको



पासलाई उपयोग गदै अनिलले गर्दै बललाई जाली चुमाए । १० औ मिनेटमा अनिलले नै मनाङको अग्रता दोब्बर पारे । अनिललाई गोल गर्न ओलावालेले पास दिएका थिए । खेलको सुरूआतमै खेल तानवपूर्ण बनेको थियो । २० औ मिनेटमा मनाङका हेमन गुरुङ र आर्मीका सन्तोष तामाङले मैदानमा झगडामा उत्रिएका थिए । त्यसपछि मुख्य रेफ्री सुदेश पाण्डेले दुबैलाई रातो कार्ड दिएर मैदान बाहिर पठाए । त्यसपछि ७० मिनेट दुबै टोली १० खेलाडीमा सीमित बनेका थिए ।

मनाङले खेलको ३०औं मिनेटमा चौथो गोल गऱ्यो । सुजललाई गोल गर्ने क्रममा फेरि ओलावालेकै पासको सदुपयोग गरे । चार मिनेटमा ओलावाले गोल गर्न सफल भए । ३४ औ मिनेटमा अनिलको पासमाओलाबालेले गोल गर्दा मनाङको अग्रता ४–० मा पुगेको थियो । पलिहो हाफमा प्रहार गरेको बलले पोष्को शहि दिशा लिए सगै पहिलो हापमा मनाङले ४ गोलले अग्रता लिन सफल भएको थियो । पहिलो हाफमा ४–० को अग्रता लिएको मनाङले दोस्रो हाफको सुरुवातमै पाँचौ गोल गऱ्यो । यसपटक पनि ओलवालेले नै गोल गरेका थिए । लगातार गोल खाएको आर्मीले दोस्रो हाफमा सुधारिएको खेल प्रदर्शन गऱ्यो । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी मनाङका अनिल गुरूङ घोषित भए । उनलाई एक थान मोटरसाईकल प्रदान गरियो । यस्तै मनाङकै किरण चेमजोङ उत्कृष्ट गोलरक्षक र मनाङकै कमल श्रेष्ठ उत्कृष्ट डिफेन्डर घोषित भए । यसैगरी, आर्मीका विमल राना उत्कृष्ट मिडफिल्डर, मनाङका ओलवाले उत्कृष्ट फरवार्ड र मनाङकै छिरिङ लोप्सान उत्कृष्ट प्रशिक्षक घोषित भए । उत्कृष्ट घोषित भएका पाँचै जनाले जनहि १५ हजार नगद पुरस्कार पाए ।

# रङ्गीन खबर



## रहेनन् थिन्ले

'क्याराभान' फिल्मका प्रमुख अभिनेता थिन्ले लेन्डुपको निधन भएको छ । पेटको क्यान्सरबाट ग्रसित ८२ वर्षीय थिन्लेको आइतबार दिउँसो डोल्पामा निधन भएको हो ।

हिमाली भेगको जनजीवनबारे फ्रेन्च निर्देशक एरिक भ्यालीले सन् १९९९ मा निर्माण गरेको क्याराभानमा डोल्पाका स्थानीय थिन्लेले अभिनय गरेका थिए । सन् २००० को ७२औं ओस्कर अवार्डमा विदेशी भाषाका उत्कृष्ट पाँच फिल्ममा नोमिनेसन भएको क्याराभानको प्रदर्शनपछि नै थिन्ले अभिनेताका रूपमा चर्चित भए । उनले क्याराभानपछि सुलमान शंकर इकुले निर्माण गरेको 'इकु ब्याक अगेन'मा राउटे मुखियाको भूमिका निर्वाह गरेका थिए ।

## दिना सार्वजनिक

नेपाली सुगम संगीतमा पहिलो एल्बम लिएर आएकी छिन् गायिका दिना श्रेष्ठ । झन्डै एक दशकको सांगीतिक यात्राको अनुभव समेटेर उनले पहिलो गीतिएल्बम 'दिना' बजारमा ल्याएकी हुन् ।

श्रेष्ठको एकल स्वरको एल्बम दिना शुक्रबार राजधानीमा लोकार्पण गरियो । वरिष्ठ संगीतकार शिलाबहादुर मोक्तानको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा दिनाका गीतबारे विभिन्न अतिथिले आफ्ना धारणा राखे । एल्बम दिनामा ६ गीत संगृहीत छन् । ६ वटै गीत बिआर रत्नले लेखेका हुन् भने एल्बमका गीतमा रिमेश कुमार र डम्बर ढकालको संगीत रहेको छ ।

## पीडा भुल्न कविता

काठमाडौं/ गत वर्ष १२ वैशाखमा गएको भूकम्पको पीडा बिर्सन आइतबार काठमाडौंमा कविता वाचन गरियो । थाहा सञ्चार नेटवर्कले यो कार्यक्रम आयोजना गरेको हो । कविता वाचनको 'थिम' भूकम्पको एक वर्ष 'पीडा बिर्सँदै कर्तव्य सम्झँदै' थियो ।

कार्यक्रममा वरिष्ठ गीतकार एवं चलचित्रकर्मी यादव




खरेल, कवि तथा गीतकार राजेन्द्र थापा, साहित्यकार मोमिला, उषा शेरचन, विप्लव ढकाल, कवि दिनेश अधिकारी, रमेश पौडेललगायत ३३ कविले रचना वाचन गरे । वरिष्ठ गीतकार रत्नशमशेर थापाको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा गायक तथा संगीतकार विश्व नेपालीले गीतकार थापा र खरेलका गीतहरु प्रस्तुत गरे ।

रेडियो थाहा सञ्चारकी अध्यक्ष अस्मिता सुमार्गी र रेडियो थाहा सञ्चारका सञ्चालक तथा व्यवसायी अजयराज सुमार्गीले यस्ता कार्यक्रमबाट समाजमा राम्रो विचारले ठाउँ पाउने आशा रहेको बताए । कविता वाचनपछि कार्यक्रममा भूकम्पीय जोखिम सचेतना तथा महाभूकम्पमा परी दिवंगत आत्माहरूको चिर शान्तिको कामनासहित शान्ति दीप प्रज्वलन एवं सर्वधर्म प्रार्थना सभा गरियो । हिन्दू, इसाई, क्रिश्चियन, बौद्ध, शिखसहित सम्पूर्ण धर्म गुरुहरूको उपस्थितिमा दीप प्रज्वलन गरिएको रेडियो थाहा सञ्चारका म्यानेजर पवनराज पौडेलले जनाए ।

## सोनिसललाई भाग्यले बाँचेकाहरूबाट जीवन बिमा

गत वर्ष १२ वैशाखको भूकम्पले भग्नावशेष बनाएको भवनमा पुरिएका भक्तपुरका सोनिस अवालको २२ घन्टापछि उद्धार भयो । आइतबार तिनै अवाललाई जीवन बिमाको प्रमाणपत्र दिइयो । यो प्रसंग जुराएको हो- 'वृत्तचित्र भाग्यले बाँचेकाहरूले' ।

भाग्यले बाँचेकाहरूका पात्रसमेत रहेका सोनिसलाई सञ्चारमन्त्री शेरधन राई, नेपाली सेनाका प्रवक्ता ताराबहादुर कार्की, नेपाल लाइफ इन्स्योरेन्सका सिइओ विवेक झा, वृत्तचित्रका निर्देशक गणेश पाण्डे तथा उद्धारकर्मीद्वय दीपक राई र विकास केसीले संयुक्त रूपमा जीवन बिमाको प्रमाणपत्र दिएका हुन् ।

त्यस्तै, भाग्यले बाँचेकाहरूले अर्घाखाँचीका ऋषि खनाल, दैलेखका रमेश खत्री र मकवानपुरकी प्रिया विश्वकर्मालाई पनि जीवन बिमाको प्रमाणपत्र थमाएको छ । कार्यक्रममै भाग्निंग्यले बाँचेकाहरूका पात्रका साथै उद्धारकर्मीहरु सशस्त्रका निरीक्षक लक्ष्मण बस्नेत र दीपक कोइराला तथा नेपाली सेनाका दीपक राई र विकास केसीलाई पनि सम्मान गरियो ।

'डकुमेन्ट्री भावनात्मक रहेछ । मेरो गला अवरूद्ध भयो । भावुक बनायो । व्यवस्थित हिसाबले म बोल्नै सकिनँ,' सञ्चारमन्त्री राईले भने । उनले भाग्यले बाँचेकाहरूले विनाशकारी भूकम्पको प्रभाव देखाएको र प्रभावित सम्पूर्ण ठाउँहरूको प्रतिनिधित्व गरेको बताए ।

डकुमेन्ट्री हेरेपछि नेपाली सेनाका प्रवक्ता एवं सहायक रथी ताराबहादुर कार्कीले भाग्यले बाँचेकाहरु वृत्तचित्रले हरेक पक्षलाई समेटेको बताए । वृत्तचित्रका निर्देशक पाण्डेले अमेरिकामा गरिएको च्यारिटी सोबाट संकलित रकमबाट दुईजना र नेपाल लाइफ इन्स्योरेन्सका तर्फबाट दुईजना गरी चारजनालाई एक-एक लाख रूपैयाँको जीवन बिमा गरिएको बताए । भाग्यले बाँचेकाहरूले अन्तर्राष्ट्रिय जगत्मा अवार्ड जितिरहँदा त्यसको प्रतिफल यसका पात्रहरूलाई पनि दिन चाहेको उनले बताए ।

## न्यौपाने र गिरीलाई पुरस्कार

नरेन्द्र चापागाईं स्मृति साहित्य पुरस्कार धराननिवासी भाषाशास्त्री डा. टंक न्यौपानेलाई प्रदान गरिने भएको छ । विराटनगरमा सोमबार बसेको नरेन्द्र चापागाईं स्मृति प्रतिष्ठानले नेपाली भाषा र साहित्यमा अतुलनीय योगदान पुर्‍याएको भन्दै डा. न्यौपानेलाई नगद २५ हजार राशिको पुरस्कार प्रदान गर्ने निर्णय गरेको हो । प्रतिष्ठानले नगद सात हजार राशिबाट कवि मञ्जुश्री गिरीलाई पनि पुरस्कृत गर्ने भएको छ ।

दुवै पुरस्कार स्वर्गीय साहित्यकार चापागाईंको १२औं स्मृतिको अवसर पारेर २५ वैशाखमा प्रदान गरिने प्रतिष्ठानले जनाएको छ ।

## देवकी: इनसर्च अफ देवीको प्रिमियर

काठमाडौं/ सुदूरपश्चिमका केही जिल्लामा समाजमा कुरीतिका रूपमा व्याप्त 'देउकी' प्रथाको कथा समेटेर तयार पारिएको वृत्तचित्र देवकी: इन सर्च अफ देवीको विशेष प्रिमियर सो भएको छ । देउकी प्रथा नेपालबाट उन्मूलन भइसकेको भनिएको छ । तर, वृत्तचित्रले अझै यो प्रथा रहेको देखाउँछ ।

विशेष सोमा पुगेका कांग्रेस नेता दिलेन्द्रप्रसाद बडुले यो प्रथा अझै कायम भएको आफूलाई थाहा नभएको बताए । उनले यसको अन्त्य गर्न आफू लाग्ने प्रतिबद्धता पनि गरे । कार्यक्रममै वृत्तचित्र हेरेपछि आँसु झार्दै अखिल अध्यक्ष नवीना लामाले भनिन्, 'मैले सुनेकी थिएँ, आज आँखाले देखें । केही भन्न सक्दिनँ । यो बनाउने टिमलाई बधाई ।' वृत्तचित्र हेरिसकेपछि रक्षा नेपालकी अध्यक्ष मेनुका थापाले नेपालमा महिलामाथि हुने हिंसा अन्त्यका लागि पुरूषहरूको पनि साथ चाहिने बताइन् । त्यस्तै, नेकपा माओवादी (क्रान्तिकारी) नेता लेखनाथ न्यौपानेले वृत्तचित्रले सामाजिक चेतना फैलाउने बताए । देउकी प्रथा कहिले, कहाँबाट, कसरी सुरू भयो भन्ने विषयमा जानकारी दिनुका साथै विभिन्न समयमा चढाइएका देउकीबारे वृत्तचित्रमा देखाइएको छ ।

# कर्पोरेट

## एभरेष्ट बैंकको रक्तदान

एभरेष्ट बैंकले गत वर्ष १२ वैशाखमा आएको भूकम्पलाई स्मरण गर्दै रक्तदान आयोजना गरिएको बताएको छ । कार्यक्रममा बैंक कर्मचारी, ग्राहक गरी १ सयभन्दा बढीले रक्तदान गरेको बैंकले जनाएको छ ।

बैंकले गत वर्षको भूकम्पपछि विभिन्न चरणमा नगद तथा जिन्सी राहत वितरण गरी भूकम्पपीडितलाई सहयोग पुर्‍याएको बताएको छ ।

कार्यक्रममा बैंक सिइओ एके अहलुवालियाले रक्तदान सामाजिक उत्तरदायित्व बहन गर्ने उपयुक्त माध्यम भएको बताए ।

## बिओके-क्लियरिङ हाउस सम्झौता

नेपाल क्लियरिङ हाउस र बैंक अफ काठमाण्डू (बिओके) बीच अन्तरबैंक विद्युतीय भुक्तानी प्रणाली सेवा सम्झौतामा हस्ताक्षर भएको छ । सम्झौतापत्रमा नेपाल क्लियरिङ हाउसका प्रमुख कार्यकारी अधिकृत नीलेशमानसिंह प्रधान र बिओकेका प्रमुख कार्यकारी अधिकृत अजय श्रेष्ठले हस्ताक्षर गरेका थिए ।

सम्झौतापछि क्लियरिङ हाउसले बैंकलाई अन्तरबैंक विद्युतीय भुक्तानी सेवा सञ्चालन प्रणाली उपलब्ध गराउनेछ ।

## बिजनेस युनिभर्सलको साधारणसभा

बिजनेस युनिभर्सल डेभलपमेन्ट बैंकले सिद्धार्थ बैंकमा मर्ज हुन राष्ट्र बैंकले वैशाख ३ मा सैद्धान्तिक सहमति दिएपछि विशेष साधारणसभामार्फत विशेष प्रस्ताव पारित गरेको छ ।

दुवै संस्थाको सेयर आदानप्रदान अनुपात क्रमशः एभरेष्ट बैंकको ११५.५९ र बिजनेस युनिभर्सलको ७१:६४ कायम हुनेछ । दुवै संस्था एकीकृत भएपछि आउँदो असार मसान्तसम्म संयुक्त कारोबार गर्ने योजना रहेको बैंक सिइओ मनोहर केसीले बताए ।

## सगरमाथाको नाफा ५५ प्रतिशतभन्दा बढी

ललितपुरमा मुख्य कार्यालय रहेको सगरमाथा फाइनान्सले आव ०७२/७३ चैत मसान्तसम्म गत आवको सोही अवधिको तुलनामा ९ करोड ७८ लाख सञ्चालन मुनाफा आर्जन गरेको छ । कम्पनीले कमाएको नाफा गत वर्षको सोही अवधिको नाफाभन्दा ५५.०८ प्रतिशत बढी हो ।

निक्षेप गत वर्षको तुलनामा ३०.७० प्रतिशत र कर्जा २५.८५ प्रतिशत वृद्धि भई निक्षेप २ अर्ब ९७ करोड ७२ लाख र खुद कर्जा २ अर्ब ४२ करोड ०२ लाख पुगेको कम्पनीले जनाएको छ ।

कम्पनीले संस्थागत लगानीलाई कर्जा क्षेत्रमा मात्र सीमित नगरी ट्रेजरी बिल, सरकारी ऋणपत्र, सेयरजस्ता अन्य सम्भाव्य क्षेत्रमा पनि लगानी गर्दै आएको छ । हाल केन्द्रीय कार्यालयसहित ९ शाखा सञ्जालबाट बैंकिङ कारोबार हुँदै आएको कम्पनीका प्रमुख सञ्चालन अधिकृत अशोक बुढाथोकीले बताए ।

## भरतपुरमा भाटभटेनीको शाखा

भाटभटेनी सुपरमार्केट एन्ड डिपार्टमेन्टल स्टोरको शाखा चितवनको भरतपुरमा खुलेको छ । शनिबार कम्पनीका कार्यकारी निर्देशक मीनबहादुर गुरूङले शाखा उद्घाटन गरे ।

करिब ४० हजार आगन्तुकले सुपरमार्केटको अभिरूचिपूर्वक अवलोकन गर्नुका साथै उत्साहपूर्वक खरिदारी गरेको कम्पनीले जनाएको छ । उद्घाटनकै दिन करिब १ करोड ६ लाख रूपैयाँको व्यापार भएको भाटभटेनी सुपरस्टोरका मुख्य सञ्चालन अधिकृत पानु पौडेलले बताए । हालसम्म सञ्चालनमा आएका भाटभटेनी स्टोरमध्ये एकै दिन यति ठूलो बिक्री भएको कम्पनीले जनाएको छ ।

कम्पनीका कार्यकारी निर्देशक मीनबहादुर गुरूङले सर्वसाधारण जनताले भाटभटेनी सुपरमार्केटप्रति देखाएको यस्तो अभिरूचिले आफू ज्यादै उत्साहित भएको बताए ।

भरतपुरको यो शाखा भाटभटेनी सुपरमार्केटको बाह्रौं तथा काठमाडौं उपत्यकाबाहिरको तेस्रो शाखा हो । यसअघि काठमाडौंमा ९, पोखरामा १ तथा हालै खुलेको धरान शाखा सञ्चालनमा छन् ।

भरतपुर शाखाको सञ्चालनमा ७५ करोड रूपैयाँको लगानी रहेको र यसमा करिब २ सयजनाले रोजगारी पाउने जानकारी मुख्य सञ्चालन अधिकृत पौडेलले दिए । भाटभटेनी सुपरमार्केटले साढे ५ हजारलाई रोजगारी दिएको जनाएको छ । उद्घाटनका अवसरमा रेडिमेड गार्मेन्टलगायत विभिन्न प्रकारका सामानमा १० प्रतिशत तथा विभिन्न ब्रान्डका मदिरामा ५ प्रतिशत छुट दिइएको थियो ।

## चाइना साउर्दनको उडान सुरू

चाइना साउर्दन एयरलाइन्सले गत वर्षको १२ वैशाखदेखि बन्द गरेको ग्वानझाउ-काठमाडौं-ग्वानझाउ उडान मंगलबारदेखि सुरू भएको छ । उडान साताको तीन दिन हुने कम्पनीले बताएको छ ।

हाललाई मंगलबार, बिहीबार र शनिबार उडान हुने र पछि आवश्यकताअनुसार साताको सात उडान र आवश्यक देखिए १४ उडानसम्म भरिने कम्पनीले जनाएको छ । सन् १९९८ मा सेवा सुरू गरेको चाइना साउर्दन एयरलाइन्सको चीनमा आन्तरिक र बाह्य उडान सञ्जाल सबैभन्दा ठूलो छ । ग्वान्झाउमा केन्द्रीय कार्यालय रहेको कम्पनीले दैनिक ४० मुलुकका १ सय ९० गन्तव्यमा २ हजार उडान भर्दै आएको छ ।

## पूर्वराष्ट्रपतिलाई...

विश्वका धेरै पत्रकारहरूले माग गरेका छन् तर अनुसन्धान नगर भनेका छैनन् । स्वयं दीक्षितका लागि पनि उनी चोखो छन्, पवित्र छन्, भ्रष्टाचार गरेका छैनन् भने प्रमाणित हुने अवसर प्राप्त भएको छ । चर्चा छ, दीक्षितले विदेशमा पैसा राखेका छन्, स्रोत नखुलेको र कालो धन । दीक्षितले नेपालको कानुनको बर्खिलापका अनेक विदेशी सहयोग राशीको दुरुपयोग पनि गरेका छन् । स्रोतका अनुसार कनकमणि दीक्षितको मुद्दा यति संवेदनशील छ कि उनलाई सबै पत्रकार अथवा कानुनविदलाई भेट्न दिनसमेत अख्तियारले आनाकानी गरेको देखिन्छ ।

आफूमाथिको आरोप गम्भीर देखेर र कारवाही हुने डरले एकाएक स्वस्थ कनकमणिले ब्लडप्रेसर र मुटुको रोगी भएको ढोंगे गरे र वीर अस्पतालमा उपचार गराउने बहाना गरिरहेका छन् । कनकमणि स्वस्थ हुन्, उनी दीर्घजीवी पनि हुन् । उनीमाथि अख्तियारले लगाम कसी सकेकाले दीक्षितले आफूलाई देशभक्त, कानुनको मर्यादा गर्ने असल नागरिक हुँ भनेर प्रमाणित गरून् । अदालतबाट चोखिएर आउन् हाम्रो अग्रीम शुभकामना छ । तर, पूर्वराष्ट्रपति डा. रामवरण यादवले न्याय नपाएकी गोरखा फुजेलकी गंगामायालाई भेट्न गएको भए उनको मर्यादा बढ्ने थियो, अख्तियारले अनुसन्धानमा राखेका व्यक्तिलाई भेट्न दौडेर पुग्दा रामवरण रावणवरण बन्न पुगेका छन् ।

नेपालमा कस्ता कस्ता व्यक्ति पनि माथिल्लो पदमा पुग्ने रहेछन् । आफ्नो मर्यादा राख्न नसक्नेले कसरी ८ वर्ष राष्ट्रपति चलाए होलान् ?

## शशांक...

चुनावका बेलामा खुमबहादुर खड्काले देउवालाई सघाए । खड्का हिन्दूराष्ट्र अभियन्ता बनेका थिए र उनले देउवालाई सघाएर रामचन्द्रलाई हराउने मुख्य भूमिका खेले । यसकारण पनि खुमबहादुर खड्काको सहयोग देउवाले भुल्नसक्ने स्थिति छैन । यसबाहेक स्वयं शेरबहादुर देउवा राणा-राजा परिवारका ज्वाइँ हुन् । यसकारण उनको पूर्वराजतन्त्र र हिन्दूवादीहरूसँग राम्रै सम्बन्ध छ । महामन्त्री खुलिसकेका र सभापति खुल्न बाँकी रहेको कांग्रेस हिन्दूवादको निकट छ र भर्खर दिल्ली पुगेर विदेश मन्त्री सुषमा स्वराजसँग भेटेर फर्केका देउवाको भारत सरकार र प्रधानमन्त्री नरेन्द्र मोदीसँग पनि गहकिलो सम्बन्ध रहेको छ ।

मधेस आन्दोलन नाकाकेन्द्रित रह्यो र भारतले नाकावन्दी गरेकै हो भनेर ओली सरकारले मोदीको राम्रैसँग बदनाम गरेकाले र मोदीको पुतलासमेत जलाउन उक्साएकाले भारत सरकार नेपालमा सत्ता परिवर्तन गर्ने खेलमा लागिसकेको छ । ओलीलाई हटाएर भारत सरकार देउवाको नेतृत्वमा नयाँ सरकार हेर्न खोजिरहेको छ । यसमा भारतको बर्चस्वको समेत सवाल गाँसिएकाले सत्ता परिवर्तनको चहल पहल सुरु भइसकेका छन् । यद्यपि देउवाले बहुमतको ओली सरकारलाई कसरी ढाल्ने ? कांग्रेस सशक्त प्रतिपक्षमा बस्छ भनेर बोल्न त बोले तर भित्रभित्रै मधेसी मोर्चा र एमाओवादीलाई समेत साथ लिएर कांग्रेस नेतृत्वको सरकार गठन गर्ने भित्री राजनीतिक वातावरण गर्माउँदै गइरहेको विश्लेषकहरूले अनुभव गरेका छन् ।

शशांकले मधेसी मोर्चालाई संविधान कार्यान्वयनमा ल्याउने, कालाबजारियालाई ठिक पार्ने, भ्रष्टाचार रोक्ने, भूकम्पपीडितका लागि पुनर्निर्माण गर्ने र सुशासनको प्रत्याभूति दिनका लागि समेत कांग्रेसी सरकारको आवश्यकता औंल्याएका छन् । कांग्रेससँग सल्लाह नै नगरी न्यायाधीश, राजदूत नियुक्त गरिएको विषयलाई पनि मुद्दा बनाएर बोलेका छन् । मूल कुरो शशांकले महाधिवेशन अगाडि आफूले भनेका कुरा दोहोर्‍याएका छन् । त्यतिबेला उनले महाधिवेशन भनेकै रिम्युग, रिएसेसमेन्ट हो भनेका थिए । गणतन्त्र, धर्मनिरपेक्षता र संघीयतामा कांग्रेस रिम्यू गर्न तम्सिएको हो त ? त्यसो हो भने राष्ट्रिय मुद्दाहरूमा जनमतसंग्रह हुनसक्ने स्थिति पनि छ ।

शशाँक कोइरालाको प्रष्टोक्ति र देउवाको मौनताले नेपाल एकपटक फेरि राष्ट्रिय नीति र निर्णयको दोसाँधमा उभिन पुगेको देखिदैछ । यसकारण उत्सुकता उठेको छ कि महामन्त्री शशांक बोले, सभापति देउवा के गर्छन् ? भन्ने प्रश्न समेत उठेको हो ।

## काँक्रोचोरलाई...

जिल्ला शिक्षा अधिकारीलाई कालोमोसो दलेको छ । ठूलै काम गरेँ भन्ठानेको होला विप्लवले । जनसम्पर्क हुने गाविस, नगर, महानगर, जिल्ला कार्यालय, अदालतसम्म पनि घूस नख्वाई जनताको फाइल यताको उता हुँदैन । देशव्यापी कालोबजार चम्केको छ । सुरक्षा निकायदेखि प्रशासनसम्म, राजनीतिक नेता, कार्यकर्तादेखि उद्यमी व्यापारीसम्मले भ्रष्टाचार गरिरहेका छन्, त्यो नदेख्ने, जिशिअले अनियमितता गरे, भ्रष्टाचार गरे भनेर कालोमोसो दल्ने । हो, उनले भ्रष्टाचार गरेकै होलान्, दैनिक इन्धनमात्र ५० करोडभन्दा बढीको भ्रष्टाचार भइरहेको छ । त्यो किन देखेन विप्लव माओवादीले ।

क्रान्तिकारीको क्रान्ति यस्तै हो भने विप्लव माओवादी पनि क्यास र ड्यास माओवादीभन्दा कसरी भिन्न रह्यो र ? चन्दा माग्ने, दिएन कि भ्रष्टाचारी भनेर जनकारवाही गरिहाल्ने । काँक्रोचोरलाई कालोमोसो भनेको यही हो ।

## वैवाहिक...

जिल्लाबाट उनीहरूले नागरिकता पाएका हुन् । अहिले तराईका हरके जिल्लामा अंगीकृत नागरिकता लिनेको संख्या बढेको छ । अहिलेसम्म अंगीकृत नागरिकता लिनेहरूमा अधिकांश भारतीय चेलीहरू रहेका छन् । २०७२ असोज ३ गते नयाँ संविधान जारी भएपश्चात पुस मसान्तसम्ममा १ हजार ७५ विदेशी महिलाले अंगीकृत नागरिकता लिएका छन् । माघदेखि चैतमसान्तसम्म तीन महिनाको अवधिमा त्यो संख्या बढेर २ हजार पाँचसय ८८ पुगेको छ । संविधानले नेपाली पुरुषसँग विवाह गरेकी विदेशी महिलाले अंगीकृत नागरिकता पाउने व्यवस्था गरेको छ । यस अघिको संविधानले समेत यस्तो व्यवस्था गरेको थियो ।

यसरी धमाधम विदेशी महिलाले अंगीकृत नागरिकता पाएपनि भारतीय सञ्चार माध्यमहरूले नागरिकतामा विभेद गरिएको भुठो प्रचार तराईमा गरिरहेका छन् । नयाँ संविधानले महिलामाथि विभेद गरेको आरोप लागिरहेका बेला चैत्र मसान्तसम्ममा ३ हजार ६ सय ७२ जनाले वैवाहिक अंगीकृत नागरिकता पाउनुले प्रमाणित हुन्छ, संविधानले महिलामाथि कुनै विभेद गरेको छैन । नयाँ संविधानले अंगीकृत नागरिकता लिएका व्यक्तिले राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख, प्रदेश प्रमुख, मुख्यमन्त्री, सुरक्षा अंगका प्रमुख बाहेक अन्य जुनसुकै पदमा पुग्न पाउने अधिकार प्रदान गरेको छ । अहिले पनि अंगीकृत नागरिकता लिएका १२ भारतीय चेलीहरू सांसद रहेका छन् । सरिता गिरी त मन्त्री नै भइसकेकी छन् भने कांग्रेसकी सीतादेवी यादव कांग्रेसको कोषाध्यक्षमा निर्वाचित भएकी छिन् । तराईका २० जिल्लाहरू कञ्चनपुरबाट १९, कैललीबाट १३ बर्दियाबाट ८१, बाँकेबाट २ सय ६, दाङबाट १८, कपिलवस्तुबाट ३ सय ८३, रूपन्देहीबाट ४ सय ४०, चितवनबाट १५, पर्साबाट ३ सय ४०, बाराबाट २ सय ४३, रौतहटबाट १ सय ५६ सर्लाहीबाट ९८, महोत्तरीबाट १ सय ७६, धनुषाबाट १ सय ३९, सिराहबाट १ सय ४, सप्तरीबाट ९२, सुनसरीबाट १ सय ६१, मोरङबाट १ सय ३४ र झापाबाट १ सय ७० जनाले वैवाहिक अंगीकृत नागरिकता लिएका छन् । यी तथ्यहरूले प्रमाणित गर्छ, नयाँ संविधानले महिलामाथि विभेद गरेको छैन, त्यो आरोप झुठो हो भनेर ।

## जिद्दीका...

उनले भने संविधानमा कहाँ समस्या छ ? जो सुकैले जे सुकै भने पनि आफूलाई मतलब नभएको उद्घोष गर्दै प्रधानमन्त्रीले भने आफु आफ्नो काममा केन्द्रित रहने समेत दाबी गरेका थिए । काग कराउँदै गर्छ, हामी हाम्रो कामलाई तिब्रता दिन्छौं भन्दै उनले आफ्ना आलोचना गर्नेहरूलाई एककिसिमको चुनौती समेत दिएका छन् ।

आफूलाई आमाले बच्चलाई कोक्रोमा राखी दिएको जस्तो गरेर प्रधानमन्त्रीको पदमा राखिनदिएको उद्घोष गर्दै जनताले पठाएका हुन्, उनीहरूको भावना अनुसार काम गर्छु भन्दै सबैका जायज कुरालाई स्वीकार गर्न आफू तयार रहेको तर कसैले जिद्दी गरेर आफ्ना कुरा लाद्न खोजे त्यसलाई कहिल्यै स्वीकार नगर्ने उद्घोष समेत गरेका छन् । कार्यक्रममा बोल्दै कांग्रेस नेता रामचन्द्र पौडेलले सरकारले एकवर्षभित्रमा पुनर्निर्माणको काम गर्न नसकेकोमा त्यसको आलोचना गरेका थिए । पौडेलको आरोपलाई अस्वीकार गर्दै ओलीले भने पछिल्लो ६ महिनाभित्रमा कांग्रेसकै नेतृत्वमा सरकार थियो, पछिल्लो तीन महिना कानुन बनाउन लाग्यो, ती सबै व्यवधान हटाउँदा थप तीन महिना लाग्यो भन्दै पौडेलाई जवाफ दिएका थिए । यसरी पूर्वप्रधानमन्त्री अधिकारीको स्मृति दिवसमा आयोजित कार्यक्रममा समेत सरकार प्रमुख र प्रतिपक्षी दलले एकले अर्कोलाई आरोप प्रत्यारोप लगाउँदा त्यहाँ उपस्थितले चिन्ता प्रकट गरेका थिए । सरकार र प्रतिपक्षी दल एक भएर भूकम्पपीडितलाई राहत दिने कार्यमा लाग्नु पर्ने बेलामा एकले अर्कोलाई आरोप लगाउँदै हिँड्नुले पीडितलाई पीडामाथि पीडा मात्र थपेको एक पीडितले बताएका छन् ।

## कर्मचारीमा...

हावी नै राख्ने उद्देश्यले निजामती नियमावलीमा २० प्रतिशत मत ल्याउने पर्ने सीमाको प्रावधान संशोधन नगरी निर्वाचन नहोस् भनेर निर्वाचन सारेको हो । यसबाट के स्पष्ट भएको छ भने एउटै कर्मचारी ट्रेड युनियन गठन गरे पनि कर्मचारीको नसा नसामा सरिसकेको राजनीतिक रगत बग्न कम नहुने निश्चित छ । फेरि पनि जनताको काम घूस नदिई नहुने निश्चित हुन पुगेको छ ।

सामान्य बजेट बिल भर्पाइ मिलाएर सिध्याउने र विकास बजेट खर्च गर्न नसक्ने कमजोर र कामचोर कर्मचारीतन्त्र पार्टीतन्त्रमा यसरी कुनै पनि मुलुकमा पौडी खेल्ने गर्दैन ।

# विश्व हिन्दु महासंघको चौथो महाधिवेशन सम्पन्न

काठमाडौं । विश्वका करिब सवा अर्ब भन्दा बढी हिन्दुहरूको छाता संगठनका रूपमा रहेको विश्व हिन्दु महासंघ केन्द्रीय (अन्तर्राष्ट्रिय) समितिको चौथो महाधिवेशन काठमाडौंमा सम्पन्न भएको छ ।

रामनवमी तथा हिन्दु एकता दिवसका अवसरमा आयोजित चौथो महाधिवेशनमा भारतीय जनता पार्टीका वरिष्ठ नेता डा.दिनेश उपाध्याय प्रमुख अतिथिका रूपमा उपस्थित रहेका थिए । कार्यक्रममा प्रमुख अतिथि उपाध्यायले नेपाल सनातनदेखि नै हिन्दु राष्ट्रका रूपमा रहेको र अब पनि हिन्दु राष्ट्रकै रूपमा रहनेछ भन्दै नेपाल संसारकै हिन्दुहरूको घर रहेको बताए ।

नेपाल बार एशोसिएसनका पूर्वअध्यक्ष एवं पूर्वसांसद सिन्धुनाथ प्याकुरेल, वरिष्ठ बामपन्थी नेता मोहनचन्द्र अधिकारी, कानुनविद् कृष्णप्रसाद भण्डारी, विश्व हिन्दु महासंघ नेपाल राष्ट्रिय समितिका अध्यक्ष डा.रामचन्द्र अधिकारी, पुष्पलाल अध्ययन प्रतिष्ठानका महासचिव राजेन्द्र सापकोटालगायत ॐकार परिवारका विभिन्न धार्मिक संघसंस्थाका प्रतिनिधिहरूको समेत उपस्थितिमा कार्यक्रम सम्पन्न भएको थियो ।

दोश्रो सत्रमा विश्व हिन्दु महासंघ आवद्ध विभिन्न देशका प्रतिनिधिहरूको उल्लेख्य सहभागितामा अध्यक्षको कार्यपत्र, महासचिव तथा कोषाध्यक्षको प्रतिवेदन र विधान संशोधन आदि सर्वसम्मत रूपमा पारित भएको छ ।

चौथो महाधिवेशनको प्रमुख निर्वाचन अधिकृत महासंघका संस्थापक सचिव देवीप्रसाद आचार्यका अनुसार सर्वसम्मत रूपमा नै निवर्तमान अध्यक्ष उपेन्द्र बहादुर गौतम अध्यक्षमा र उहाँले प्रस्ताव गरेको समूह निर्वाचित भएको छ । समितिको कार्यकाल ३ वर्षको हुनेछ ।

महासंघको वरिष्ठ उपाध्यक्षमा टंकबहादुर भट्टराई, उपाध्यक्षमा रेणुका शाही ठकुरी र नारायणप्रकाश अधिकारी निर्वाचित भएका छन् ।

यसअघि विश्व हिन्दु महासंघ नेपाल राष्ट्रिय समितिको सचिवको जिम्मेवारीमा रहेका शम्भुहरि बास्तोला महासचिवमा निर्वाचित भए भने वेदप्रसाद दाहाल सचिवमा तथा द्रोण अधिकारी कोषाध्यक्षमा चयन भएका छन् ।

त्यस्तैगरी केन्द्रीय सदस्यहरूमा वासुदेव मगर, विजयसिद्धि बज्राचार्य, गणेशलाल श्रेष्ठ, गंगा लोहनी, यशोदा दाहाल, लोकनाथ पाण्डे, अर्जुन झवाली, नरेश गिरी, प्रा.पेशलकुमार निरौला, मीनप्रसाद गैह्रे, लालबहादुर अर्याललगायत निर्वाचित भएका छन् । पदाधिकारी सहित ५१ जनाको केन्द्रीय समितिले पूर्णता पाउन भने बाँकी रहेको छ ।

मुलुक धर्मनिरपेक्ष घोषणा भएको सन्दर्भमा भएको विश्व हिन्दु महासंघ केन्द्रीय (अन्तराष्ट्रिय) समितिको यो अधिवेशनलाई निकै अर्थपूर्ण रूपमा हेरिएको थियो । महाधिवेशनले नेपाललाई सनातन धर्मसापेक्ष हिन्दु राष्ट्र बनाउने महासंकल्प प्रस्ताव सर्वसम्मत रूपमा पारित गरेको छ । ९४ प्रतिशत भन्दा बढी संख्यामा रहेका सनातन ॐकार परिवारलाई संविधान सभाले धोका दिएको भन्दै संविधान संशोधन गरेर नेपाललाई पुनः सनातन धर्मसापेक्ष हिन्दु राष्ट्रकै रूपमा स्थापित गर्नुपर्ने महासंघका नवनिर्वाचित महासचिव शम्भुहरि बास्तोलाले बताएका छन् । नेपाल हिन्दुराष्ट्र घोषणा नभए सांस्कृतिक साम्राज्यवादले जरा गाडेर नेपालको मौलिकता नै हराउने महासचिव बास्तोलाले दावी गरेका छन् ।

प्रथम राष्ट्रिय पत्रकारिता दिवस वैशाख २३, २४ र २५ गते भव्य रुपमा मनाऔं ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

अब अझ बढी सञ्जाल र सुविधाहरू




नेसनल पेमेन्ट नेटवर्कमा आबद्ध भएका सबै एटीएममा प्रभु बैंकद्वारा जारी रूपैया कार्ड सजिलै कम शुल्कमा रकम निकाल्न सकिनेछ ।

Prabhu Bank  RuPaiya

Babarmahal, Kathmandu, Nepal
Ph: 01-4788500 | Email: info@prabhubank.com
Toll free: 16600107777
www.prabhubank.com

सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुद्धनगर, फोन : ४७८०२९५ मो. : ९८४१२५४८८५, काठमाडौं, मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार